साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४५ अंक ३ २०८३ साउन १९ गते मंगलबार *(Aug. 4, 2026)* मूल्य रू. १०/-

## आइएनजीओ न्यायालयमा खेल्दैछन्

विदेशी आइएन्जिओ न्यायालयमा किन खेल्दैछन् ? सत्तारूढ दलका सांसद यज्ञमणि न्यौपानेले उठाएको प्रश्न गम्भीर छ । न्यौपाने कानुनविद पनि हुन्, उनले विदेशी आइएन्जिओहरूले नेपालको न्यायालय र सार्वभौम संसदको निर्णयमा गलत व्याख्या गरेको बताएका छन् । १० वर्षअघि कल्याण श्रेष्ठ चिफ जस्टिस भएका समयमा आइएनजीओ सुधार र सहयोगको नाममा सर्वोच्च अदालत, संसद प्रवेश गरेको थियो, खाजापानी समेत आइएनजीओले प्रायोजन गर्थ्यो । त्यसपछि आइएनजीओको प्रभाव बढेको दावी रहेको छ कानुनविदहरूको ।

अहिले सत्तारूढ दलका सांसदले संसदको बैठकमै नेपालको संविधान र संसदको गरिमाबारे अन्तर्राष्ट्रिय संस्थाहरू एमनेस्टी, ह्युमन राइट्स वाच, आइसिजे आदिले प्रसार गरेका धारणाहरूले संसद र न्यायालयबारे गलत प्रचार भइरहेको दावी गरेका छन् । अहिले न्यायाधीशहरूलाई महाअभियोग लगाउने तयारी झन गलत हुने भनेर विज्ञप्ति निकालेर हस्तक्षेप गरेका हुन् । म सांसदलाई नै थाहा नभएको कुरा आइएनजीहरूलाई कसरी थाहा भयो ? यो सम्मानमा आँच आउने कुरा भएन र ?

## रवि चीन जाँदै



अगस्तको तेस्रो साता रास्वपाका सभापति रवि लामिछाने चीन भ्रमणमा जाँदैछन् । राष्ट्रपति सी चिनफिङ्सँगको भेट नेपालका लागि ऐतिहासिक हुनेछ । यसअघि उनले भारतमा उच्च सम्मान पाएका थिए ।

भारत र चीन नेपालका लागि ठूला छिमेकीमात्र होइनन्, शान्ति, विकासका महत्वपूर्ण साझेदार मुलुक पनि हुन् । बढ्दो भूराजनीतिका कारण यी दुबै मुलुक नेपालका लागि नेपाली स्थिरता र स्वराजका लागि महत्व झन बढेको छ । पहिले देखि नै नेपालका शासकहरू दिल्ली, बेइजिङ भ्रमण गरिरहनुको कारण पनि धेरै रहेका छन् । राजनीतिक परिदृश्य फेरिए पनि कूटनीतिक अझ पेचिलो बनेको छ । रास्वपा कूटनीतिक अग्नि परीक्षामा रहेको छ ।

नेपालको जेनजी सरकारसँग भारत र चीन के चाहन्छन् ? किन भारतका प्रम मोदी र चीनका सी चिनफिङले यति धेरै महत्व दिएका हुन् ? नेपालका सन्दर्भमा यी महत्वपूर्ण प्रश्न हुन् र यी प्रश्नको सेरोफेरोमा रूस र अमेरिका जस्ता सुपर पावरका चाख र चासोहरू पनि अन्तरनिहित रहेका छन् । फोटो सेसन बहुदलपछि धेरै नेताले धेरैपल्ट गरे, कुनै अर्थ राखेन । चुरो सवाल भनेको यस्ता भ्रमणले नेपाल र नेपालीको हक हितमा के कति उपलब्धि हासिल भयो, हुनेछ भन्ने हो ।

सभापति रविको चीन भ्रमणमा पारवहन सम्झौताहरूको प्रभावकारी कार्यान्वयन, तातोपानी र केरूङ जस्ता नाकाहरूलाई बाह्रै महिना पूर्ण क्षमतामा सुचारू गर्ने विषय र नेपालको पूर्वाधार विकासमा चिनियाँ लगानी भित्र्याउने जस्ता ठोस एजेन्डा हुनेछन् । फेरि पनि २०१७ मा भएको बीआरआई सम्झौता, २०१९ मा चीनका राष्ट्रपतिको नेपाल भ्रमणमा नेपालले पाएका आश्वासन र अहिले कामै नलाग्ने गरी जलेको चीनको उपहार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको पुनर्निर्माणका विषय पनि उठ्नेछन् । भ्रमण धेरै भए, अब नेपालका लागि उपलब्धिपूर्ण हुनुपर्छ । चीनलाई एकचीन नीतिमा विश्वस्त पार्नसके चीनले अर्थपूर्ण सहयोग गर्नसक्नेछ । तर केही हप्ता अघि दलाई लामाको जन्मोत्सव मनाउन दिएको अनुमतिमा चीनले प्रश्न उठाउने छ । नेपालले समदूरीको नीति लिन सक्यो र चीनलाई सुरक्षा चासोमा आश्वस्त पार्न सक्नु नै रवि लामिछानेको चीन भ्रमणको



## भारत र चीनले खोजेको के हो ?




भारतले पुन: प्रम बालेन साहलाई भारत भ्रमणको निम्तो दिएको छ । परराष्ट्रले भ्रमणका एजेण्डाहरू तय गरेर भारतलाई पठाएपछि भारत वार्ता गर्न राजी भएका कारण प्रम बालेन भारत भ्रमणमा जान तैयार भएको रास्वपा स्रोत बताउँछ ।

आखिर भारत बालेन सरकारसँग के चाहन्छ ? विज्ञहरू भन्छन्- भारत भारतको सुरक्षा चासो, आर्थिक र रणनीतिक स्वार्थमा ठेस नपुगोस् र नेपालले आन्तरिक राजनीतिमा भारतको भूमिकालाई अप्रत्यक्ष रूपमा स्वीकार गरोस् । नेपालमा भारतीय प्रभावको निरन्तरता कायम होस् ।

तर नेपालमा युवाहरूको शक्तिका रूपमा बालेन सरकार दुई तिहाई विश्वासका साथ उदाएकोले भारत पक्कै झस्किएको छ । यतिबेला भारत पर्ख र हेरको स्थितिमा टोलाइरहेको देखिन्छ । नेपाल पहिलेजस्तै चीनतिर ढल्किएको देख्यो भने भारत एक्सनमा आउनेछ । भनिदैछ, अस्थिरता उत्पन्न गराउन र बालेन सरकारलाई अलोकप्रिय बनाउन धार्मिक र सुस्ताको बाँध भत्काउने जस्ता हर्कतमा पनि भारतकै हात रहेको छ ।

स्मरणीय छ, नेपाल यस्तो रणनीतिक भूमि हो, यसलाई निकट नराखे अर्कोले लाभ उठाउँछ भनेर भारत र चीनमात्र होइन, अमेरिका पनि सचेत छ । त्यसै उपहारका रूपमा एमसीसी आएको होइन, भारतको सहयोग र चीनले बीआरआईलाई कार्यान्वयन गराउन सकृय रहेको पनि होइन । सबैले बुझेका छन् ।

सभापति रवि र परराष्ट्रमन्त्रीले भारत भ्रमण गरे, परराष्ट्रमन्त्रीपछि सभापति रवि चीन जाँदैछन् । भ्रमणमा आआफ्ना सुरक्षा र सहयोगकै प्रश्न केन्द्रमा थिए ।

## प्रम राष्ट्रसंघ, बेलग्रेड पनि नजाने

पहिले पहिले कर्मचारीलाई आएको निम्तोमा समेत नेताहरू कुदाकुद गर्थे । दुई तिहाईको बहुमतवाला सरकार प्रमुख बालेन साह विदेश भ्रमण नगएर सुशासन स्थापित गर्न रातदिन काम गरिरहेका छन् । जतिसुकै प्रतिपक्षी, विरोधीहरूले चर्को आलोचना गरे पनि बालेनले एउटा कानले सुनेर अर्को कानले उठाइदिएका छन् ।

विदेश भ्रमणमा कुनै चासो नराखेका प्रम बालेन साहले राष्ट्रसंघ मात्र होइन, नाम शिखर सम्मेलनमा समेत नजाने निर्णय लिएका छन् । आफ्नो प्रतिनिधित्व गर्दै परराष्ट्र मन्त्री शिशिर खनाल, सचिव अमृत राईलाई न्यूयोर्क र बेलग्रेड पठाउँदैछन् । स्मरणीय छ, असंलग्न शिखरको नेपाल संस्थापक सदस्य पनि हो ।

यस अघिका वर्षहरूमा नाम शिखर सम्मेलनमा प्रधानमन्त्री स्तरीय सहभागिता हुँदै आएको थियो । यसपल्ट परराष्ट्रमन्त्री शिशिर खनालको सहभागिता रहनेछ । प्रधानमन्त्री सहभागी भएको भए महत्वपूर्ण कूटनीतिक अवसर प्राप्त हुनेथियो ।

# हाइब्रिड मेट्रो : मेगा प्रोजेक्ट

मेट्रो रेल, मोनो रेल हल्लाखल्ला भएको धेरै वर्ष भइसक्यो । रेल विभाग पनि गठन गरियो तर रेल कागजमा मात्र कुद्यो । नयाँ पुस्ताको सरकार आएपछि राजधानीमा जमिन मुनी, जमिनमाथि मेट्रो रेलको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर)को प्रक्रिया सुरू गरेको छ । हाइब्रिड मेट्रो रेल अर्थात मेगा प्रोजेक्ट आयोजना अघि बढेको छ ।

यो खरवौंको प्रोजेक्टका लागि अर्थ कसरी जुटाइन्छ ? अहं प्रश्न हो । स्रोतका अनुसार पहिलो चरणमा रिङ्रोडमा मेट्रो रेल निर्माण गरिनेछ । दोस्रो चरणमा थानकोट-धुलिखेल, गोदावरी-बुढानिलकण्ठ र अन्य क्षेत्रमा पनि बिस्तार गरिने योजना अघि बढेको छ । डिपीआरको काम सुरू भएको छ, १८ महिनामा काम सुरू गर्न स्वाइल टेस्ट, स्टेसन सेन्टर, वातावरणीय प्रभावको विस्तृत डिजाइन तयार पारिदैछ ।

८ वर्षअघि मोनोरेलको हल्ला चल्यो, सेलायो । ६ करोड लागतमा १४ वर्ष अघि तैयार पारिएको काठमाडौंमा मेट्रो रेल सपना पूरा हुँदैछ । उपत्यकाका धेरै स्थानलाई समेट्दा सुरूमा ७७ किलोमिटर मेट्रोरेलमा काम हुने भएको छ । यसका लागि ५७ स्टेशन तय भएका छन् । पहिले मेट्रो मार्ग छनोट गर्दा अध्ययन टोलीले चार मापदण्ड अपनाएको थियो, धेरै यात्रु हुने क्षेत्र, सडक र अन्य सञ्जालसँगको आबद्धता: कम निर्माण खर्च: चौडा सडकको उपयोग । यसो गर्नुका कारण धेरै जग्गा अधिग्रहण गर्न नपरोस् भन्ने ध्येय रहेको थियो । यो सोचमा स्टेशनलाई यात्रुको ट्रान्जिट हवको





रूपमा पनि परिकल्पना गरिएको थियो । प्रत्येक स्टेसनमा एस्केलेटर, लिफ्ट, अपाङ्गमैत्री प्रवेशद्वार, ह्वीलचेयर गेट, सार्वजनिक शौचालय, सुविधा पसल (कन्भिनियन्स स्टोर), दिशासूचक संकेत, आधुनिक अग्नि सुरक्षा प्रणाली, स्प्रिंकलर र आपतकालीन निकासको व्यवस्था पनि रहने थियो ।

रेलका डिपोहरू सातदोबाटो, ट्याङ्गलाफाँट, मध्यपुर ठिमी, ललितपुर र काठमाडौंको सीमाक्षेत्र रहेका थिए । हरेक डिपोभित्र रेल पार्क गर्ने, रेल मर्मत, रेल धुने, पांग्रा परीक्षण, स्पेयर पार्ट गोदाम, केन्द्रीय नियन्त्रण कक्ष, कर्मचारी तथा प्राविधिकहरूका लागि तालिम केन्द्र, छात्रावास, जिम, आफ्नै विद्युत् सबस्टेसन, सञ्चार नियन्त्रण कक्ष र फोहोर पानी प्रशोधन गर्ने केन्द्र समेत बनाउने विस्तृत योजना थियो ।

त्यतिबेलाको अध्ययन अनुसार मेट्रो रेलको प्रत्यक्ष निर्माण कार्यका लागि मात्र करिब ३ सय ८६ अर्ब रूपैयाँ लाग्ने अनुमान थियो ।

यो खर्च अनुमानमा ३ दोब्बर खर्च हुनसक्नेछ । सिभिल निर्माण, रेल प्रणाली, स्टेसन भवन, डिपो निर्माण,परामर्श र व्यवस्थापन र अनसिन काम आदिमा खवौं खर्च हुनेछ ।

अहिलेसम्म पहिलेजस्तै सडकमाथि (एलिभेटेड): सुरूङ खन्नुभन्दा निकै सस्तो, छिटो बन्ने र सडकमा अवरोध पनि नहुने भएकाले काठमाडौंका धेरैजसो ठाउँमा सडकमाथि मेट्रोलाई उचित मानिएको छ । पहिले सरकार र निजी क्षेत्रको साझेदारी पीपीपी मोडल उचित ठानिएको थियो, अहिले विदेशी कम्पनी पनि निर्माण गरिदिन उत्सुक देखिएका छन् ।

मेट्रोलाई बहुमुखी उद्देश्यमा ढालिने छ । पछि बन्ने पोखरा-काठमाडौं रेलमार्गसँग टोखामा जोडिनेछ । बाहिरी चक्रपथ, फास्ट ट्र्याकबाट आउने यात्रुलाई बल्खु, धोबिघाट वा एकान्तकुनामा जाडेर यात्रुलाई सहजता दिइनेछ ।

चीन नेपाल जोडिने रेलमार्गसँग पनि मेट्रोलाई जोड्ने नीति लिइएको छ । समष्टिमा भन्नुपर्दा सम्भव भएसम्म सडकमाथि र सम्भव नहुने स्थानहरूमा जमिन मुनी मेट्रो चलाइने छ । यो प्रणालीलाई हाइब्रिड मेट्रो प्रणाली नै काठमाडौंका लागि उचित हुने सबैको ठहर रहेको छ । अब हुने डीपीआर यही आधारमा तैयार गर्छ कि गर्दैन ? नयाँ कम्पनीका लागि पनि पहिलेकै डीपीआरमा अघि बढ्दा सहज हुने देखिन्छ । डीपीआर बन्दैमा मेट्रोरेल चल्दैन । डीपीआरपछि निर्माण कम्पनी चयन गर्न पनि गाह्रो छैन । गाह्रो त, मेट्रो रेल बनाउन खर्च कहाँबाट जोहो गर्ने भन्ने हो । यो मेगा प्रोजेक्टका लागि खरवौं लाग्छ, यो खर्च जुटाउनु मुस्किल छैन भन्छन्, बालेन सरकारका मन्त्रीहरू ।

प्रम बालेनको इमान र नियतमा नेपाल र विश्वभरि नै भरोसा छ । प्रम बालेनले अनुरोध नगर्दै रूसले उद्योग खोल्न, बन्द उद्योग चलाउन र ठूलो परियोजनामा सहयोग गर्न मेसेज पठाइरहेको छ । बालेनले अनुरोध गर्ने हो भने चीन, भारत र अमेरिका, कोरिया र जापानले एक एक ठूला परियोजनामा आर्थिकस्रोत जुटाउन सक्छन् । तर अहिलेसम्म बालेन सरकारले हात थाप्ने, टाउको निहुराउने कुनै पनि काम गरेको देखिदैन । प्रम बालेन आत्मनिर्भरतामा बढी विश्वास राख्छन् । तथापि मेट्रो सञ्चालनजस्तो मेगा प्रोजेक्टका लागि नेपालको आर्थिक हैसियतले भ्याउँदैन । मित्र वा छिमेकी राष्ट्रहरूसँग विकासमा साझेदारी नीति अपनाउनै पर्छ । आन्तरिक राजनीतिमा मजबुत हालत भए पनि कूटनीतिमा नेपाल पानीभन्दा पातलो अवस्थामा छ । यो अवस्था सुधार्न निकै मेहनत गर्नुपर्ने देखिन्छ । देशमा शान्ति, विकास, सुशासनका साथ रोजगारी बढाउने जनतासँग गरेको करार रास्वपा र बालेन सरकारले कसरी पूरा गर्नेछन् ।

## १९४७ देखिको मैत्री सम्बन्धलाई अमेरिकी थप्पड

लाखौं नेपाली अमेरिकामा छन्, तिनका परिवारजनले अब अमेरिकामा भेटवार्ता गर्न साह्रै कठिन स्थितिको सिर्जना हुनपुगेको छ ।

नेपाल-अमेरिकावीच कूटनीतिक सम्बन्ध १९४७ मा स्थापित भएको थियो । अमेरिकाले १९५९ मा दूतावास खालेको थियो । नेपालको विकासको साझेदार रहिआएको अमेरिकाले अहिले आएर टुरिष्ट वा बिजनेस भिसामा लागि २० हजार डलर धरौटी राख्नुपर्ने नियम नेपालमाथि थोपरेको छ । नेपालीको गाँस बास कपास, मानवाधिकारलगायतमा चासो राख्दै आएको अमेरिकले लिएको यो निर्णयलाई त्यति पुरानो सम्बन्धमा थप्पडका रूपमा नेपालीले लिएका छन् ।

अमेरिकाले भिसाका लागि कालोसूचीमा राखेका ५० मुलुकमा नेपाललाई पनि राखेको हो ।

स्मरणीय छ, नेपालले बी वान र बी टू भिसाका लागि धरौटी बुझाउनु पर्ने देशहरूको सूचीबाट नेपाललाई हटाउन अमेरिकासमक्ष आग्रह गरेको थियो । नेपालका आग्रह खारेज हुनपुग्यो । नेपाल अब भेनेज्वेला, क्यूवाजस्ता मुलुकको सूचीमा पर्न गएको छ । यो विषय नेपालको कूटनीतिक बृत्तलाई चिन्तित पारेको छ । के नेपालको कूटनीति चूक भएको हो त ? धेरैले विश्लेषण गर्न थालेका छन् ।

अमेरिकाको तर्क छ- अमेरिकी आप्रवासन नियमहरू पालना गर्न लगाउन, समयावधिभन्दा बढी बस्न रोक्ने कदम चाल्न, ओभरस्टे रोक्न, पहिचान र फौजदारी कसुरसँग सम्बन्धित सूचना आदानप्रदान गर्न सहज भएको छ । अमेरिकाले जे भने पनि नेपालीका लागि यो नीतिले सकस थपेको छ ।




अमेरिकी सूचनाका अनुसार सूचीमा रहेका देशहरूलाई थपघट गर्न सकिनेछ । अफ्रिकाका ३० देखि र दक्षिण एसियाका बंगलादेश, भुटानका साथै नेपाललाई राखिएको छ । परराष्ट्रमन्त्री शिशिर खनालले अमेरिकी अधिकारीहरूसँगको संवादमा भिसा बन्ड सूचीबाट नेपाललाई हटाउन अनुरोध गरेका थिए । डक्यूमेन्टेशन फ्रड,र ओभरस्टेसँग जोडिएको विषय भनेर पाएको जवाफमा नेपालले थप प्रयत्न गरेको छैन । त्यसै पनि राष्ट्रपति ट्रम्पले पहिले नै नेपाली नेताहरूलाई फ्रड भनेर आरोप लगाइसकेका थिए ।

बिस्तारै अमेरिका जान चाहने नेपालीलाई भिसा पाउन अब कठिन स्थिति आइसकेको छ । साथै देशकै प्रतिष्ठामा आँच पुगेको छ । बालेन सरकारले यसबारे सकृय पहल गर्न जरूरी देखिन्छ ।

नेपालको शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, पूर्वाधार विकासमा विशेष सहयोग गरिरहेको साझेदार अमेरिकाले नेपालमाथि यसरी बण्डको धराप थाप्नुहुन्नथ्यो, उदारसहयोगी हुनुपर्थ्यो । नेपालको राजनीति र कूटनीतिक चातुर्यताको खाँचो परको छ, बालेन सरकारले बण्डको यो समस्या खारेज गराउन तदारूकता देखाउनु पर्छ ।

## केको सम्मान ?



बालुवाटा र पतञ्जली मुद्दामा जेल जाने पर्खाइमा रहेका बेला पनि नेताहरूलाई सम्मानित हुने भोक देखिनु आश्चर्यमा पार्ने खबर हुन् । तुल्सीलाल अमात्यको २९औं स्मृति दिवसका दिन पूर्व एमाले, राष्ट्रपति विद्यादेवी भण्डारीले पूर्व एमाले, नेकपाका नेता माधव नेपालाई सम्मानि गरेकी हुन् ।

## सिल्क ग्रुपको चाइनाबजार




दलालमुक्त चाइनाबजार सिल्क ग्रुपले सञ्चालनमा ल्याएको छ । यो बजारमा चीनबाट आयात भएका सामान सिधै उपभोक्ताले खरिद गर्न सक्नेछन् । शिल्क ग्रुपले ‘चाइनाबजार’ नयाँ ई-कमर्स प्लेटफर्म खोलेको हो ।

शिल्क ग्रुप ‘चाइनाबजार’ मा आयातकर्ता, थोक विक्रेता र वितरकजस्ता बहु-तहका बिचौलिया हुने छैनन् । गुणस्तरीय सामान पारदर्शी मूल्यमा पाइने छ ।

शिल्क ग्रुपका अध्यक्ष रमेश शेर्पा हुन् । उनले नेपाली उपभोक्ताले अनावश्यक मूल्यवृद्धिबिना गुणस्तरीय वस्तु खरिद गर्न सकून् भन्ने उद्देश्यले प्लेटफर्म खोलेको बताए । अब उपभोक्ताले सहज, सरल र सस्तोमा गुणस्तरीय सामान पाउनेछन् ।

कारखानादेखि तह तहको विचौलिया हुँदै सामानहरू उपभोक्तासम्म पुग्ने गरेका थिए, यसकारण महगो पनि पर्थ्यो । चाइना बजारले यही समस्या संवोधन गरेको भन्दै सीइओ स्तुती श्रेष्ठले भनिन्- ‘इन्जोय योर सपिङ’ नारासहित प्लेटफर्म खोलेको बताइन् । सुरूमा विद्युतीय सामग्री, फेसन, लाइफस्टाइल तथा स्वास्थ्य एवं सौन्दर्यसँग सम्बन्धित सामग्री बिक्रीमा राखिनेछन् । यो सञ्जाल देशैभरि फैलाइने छ । सामान खरिद गर्दा उपभोक्ताले इ-सेवा र खल्तीमार्फत डिजिटल भुक्तानी गर्न सक्नेछन् । आफ्नै गोदाम र वितरण प्रणालीका कारण पर्याप्त मौज्दात व्यवस्थापन गर्दै छिटो तथा भरपर्दो सेवा उपलब्ध गराउन हामी दत्तचित्त भएर लाग्नेछौं ।



# सापसबाट ५ साधकहरू अभिनन्दित हुँदै


२०८३ साउन १८, काठमाडौं । साहित्यिक पत्रकार सङ्घले ५५ औं स्थापना दिवसको अवसरमा विभिन्न क्षेत्रका ५ विशिष्ट साधकलाई अभिनन्दन गर्ने भएको छ । नेपाली संस्कृतिको क्षेत्रमा उल्लेख्य योगदान दिनु भएबापत वरिष्ठ संस्कृतिविद् डा. पुरूषोत्तमलोचन श्रेष्ठ, नेपाली चित्रकलामा योगदान गर्नु भएबापत वरिष्ठ चित्रकार प्रा. मदन चित्रकार, नेपाली साहित्यमा योगदान गर्नु भएबापत वरिष्ठ कवि ज्ञान उदास, नेपाली कलाक्षेत्रमा योगदान गर्नु भएबापत वरिष्ठ कलाकारद्वय  चैत्यदेवी र सन्तोष पन्तलाई अभिनन्दन गरिने भएको हो ।

सङ्घका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा बसेको बैठकले निर्णय गरेको हो । अभिनन्दनका लागि वरिष्ठ साहित्यकारहरू प्रमोद प्रधान संयोजक र नरेन्द्रबहादुर श्रेष्ठ र श्रीओम श्रेष्ठ रोदन सदस्य रहेको समितिले सिफरिस गरेको हो ।

वि. सं. २०२९ मा स्थापना भएको साहित्यिक पत्रकार सङ्घले यसअघि वरिष्ठ साधकहरू धरणीधर कोइराला, विश्वेश्वरप्रसाद कोइराला, काशीबहादुर श्रेष्ठ, चन्द्रमानसिंह मास्के, पारसमणि प्रधान, यज्ञराज शर्मा, रूद्रराज पाण्डे, सिद्धिचरण श्रेष्ठ, नरबहादुर भण्डारी, भुवनलाल प्रधान, माधवप्रसाद घिमिरे, महानन्द पौडेल, भवानी घिमिरे, श्यामप्रसाद शर्मा, मदनमणि दीक्षित, गोविन्दबहादुर मल्ल गोठाले, परशु प्रधान, लोकेन्द्रबहादुर चन्द, मदनदेव भट्टराई, शशिकला शर्मा, भरत जङ्गम, डा. जगमान गुरूङ, गीता केशरी, मदनदास श्रेष्ठ, मोहन सिटौला,  मोहन सिटौला (अमेरिका), घनश्याम राजकर्णिकार, के. के. कर्माचार्य, गणेश रसिक, नरबहादुर दाहाल (भारत), डा. सुरेन्द्र के. सी., द्वारिका श्रेष्ठ, रमा शर्मा, माया ठकुरी, हिरण्यकुमारी पाठक, प्रदीप बमजन, एस.पी. कोइराला र डी. आर. उपाध्याय, पुष्कर लोहनी, कवि एवम् अभियन्ता भीम उदास, भुवन चन्द, मुकेश मल्ल, वसन्त श्रेष्ठ, पूर्व अध्यक्षहरू भवानी यघिमिरे, नगेन्द्रराज शर्मा, अच्युतरमण अधिकारी, विश्वविमोहन श्रेष्ठ, नरेन्द्रबहादुर श्रेष्ठ लगायतको अभिनन्दन गरिसकेको छ ।

# तारा सुवेदीको *अनुभूतिका महक* लोकार्पित

२०८३ साउन १७, काठमाडौं । नेपाल स्रष्टा समाजले आज कवि तारा सुवेदीको कवितासङ्ग्रह 'अनुभूतिका महक' लोकार्पण गर्‍यो ।




कृतिको लोकार्पण कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ कवि शैलेन्द्र साकार, अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन', वरिष्ठ समालोचकहरू प्रा.डा. लक्ष्मणप्रसाद गौतम र प्रा.डा. कृष्णप्रसाद दाहाल, संस्थाका पूर्व अध्यक्षहरू पवन आलोक र विधान आचार्य, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, साहित्यकारहरू भागीरथी श्रेष्ठ र विवश वस्ती, तारा सुवेदी लगायतले पुस्तक लोकार्पण गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि शैलेन्द्र साकार, अध्यक्ष रोदन, साहित्यकारहरू भागिरथी श्रेष्ठ, प्रा.डा. लक्ष्मणप्रसाद गौतम, पवन आलोक, विवश पोखरेल, राधेश्याम लेकाली, विधान आचार्य, चन्द्रप्रसाद भट्टराई लगायतले शुभकामना मन्तव्य राखेका थिए । कृतिकार कवि सुवेदीले आफ्ना अनुभूतिहरू सार्वजनिक गर्नु भएको कार्यक्रममा लोकार्पित पुस्तकमाथि प्रा.डा. कृष्णप्रसाद दाहालले क्षमता राख्ने कविको रूपमा सुवेदीलाई पाएको बताए । उनले करिब डेढ दशकदेखि कवितामा सक्रिय सुवेदीको कृति पहिलो जस्तो नलाग्ने भन्दै कविताले पाठकको मन जित्ने धारणा राखे । उक्त कार्यक्रममा लोकार्पित कृतिका कविताहरू विधान आचार्य, राधेश्याम लेकाली, मणि लोहनी, प्रकाश घायल, रञ्जना निरौला र खुशी अधिकारीले बाचन गरेका थिए । श्रीओम श्रेष्ठ 'रोदन'को अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा डा. शान्तिमाया गिरीले स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको सहजीकरण प्रदीप सापकोटाले  गर्नु भएको थियो । कार्यक्रममा साहित्यकार, पत्रकार र कृतिकारका आफन्तहरूको बाक्लो उपस्थिति रहेको थियो ।






# पुस्तकालय पेशाको मान प्रतिष्ठाको लागि हाम्रो आवाज र  सत्यवोधका लागि हाम्रो किताब

**नारायण प्रसाद मिश्र**

हाम्रो मुलुकमा ज्ञान सामग्रीहरूको महत्वको ज्ञाता र पुस्तक प्रेमीहरूको अभिरूची र प्रयासले  सयौ हजारौं पुस्तकालय नामका पुस्तक संग्रहरू मुलुक भरी रहिआएको कुरा सबैलाई थाहा छ । यसको लागि ती हाम्रा ज्ञानसामग्री प्रेमी, ज्ञान सामग्री हाम्रो लागि सुरक्षित गर्ने पूर्वजहरूप्रति हामी सवै नेपाली कृतज्ञ हुनुपर्छनै ।तर सही अर्थमा भनिदा पुस्तक संग्रहनै पुस्तकालय होइन  । जसरी दुधनै दही होइन । यद्यपि दुधवाटनै दही बन्छ । जसरी पिठो वा मैदानै रोटी होइन, यद्यपि पिठो वा मैदाबाटै रोटी बन्छ । त्यस्तै ज्ञान सामग्रीहरूको संग्रहनै पुस्तकालय होइन । तर ज्ञान सामग्रीहरूको संग्रहलेनै पुस्तकालयको निर्माण हुन्छ ।  ज्ञान सामग्रीहरू विना पुस्तकालय बन्दैन ।




बैज्ञानिक किसिमले छनौट, सुसंगठित सुब्यवस्थित उहीं ज्ञान सामग्रीहरूको संग्रह र पुस्तकालयमा रहेका ज्ञान सामग्रीहरूमा रहेका ज्ञान पुस्तकालयका पाठकहरूको चाहना र आवश्यकता बमोजिम विना विलम्ब प्रदान गर्न सकने ज्ञानको केन्द्रलाई हामी सही अर्थमा पुस्तकालय अर्थात आधुनिक पुस्तकालय भन्छौ । २०१६ सालको आसपासको दशकसम्म मुलुकमा यस किसिमका आधुनिक पुस्तकालयहरूको अवधारणा र पुस्तकालय हाम्रो मुलुकमा थिएन । २०१६ सालमा हाम्रो राष्ट्रको पहिलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । यो विश्वविद्यालयको स्थापना संगै नेपालको परम्परागत रूपमै केही पुस्तकहरूको संग्रह स्थापन गरी विश्वविद्यालय पुस्तकालय नामङ्कन गरियो । यो पुस्तकालयलाई विश्वविद्यालयको उच्च शिक्षाको अध्ययन, अध्यापन र अनुसन्धानमा प्रभापकारीरूपमा  टेवा दिने विश्वविद्यालयको उद्देश्य पूर्तिका लागि उपयुक्त उपयोगी ज्ञान सामग्रीहरूले सुसज्जित बैज्ञानिक किसिमले सुव्यवस्थित र सुसंगठित आधुनिक पुस्तकालय सृजना गर्ने कार्य बाँकीनै थियो ।

यो पुस्तकालयको प्रथम प्रमुख पुस्तकालयध्यक्ष हुने मेरी प्रिय श्रीमती शान्ति मिश्रले राष्ट्र र अन्तर्राष्ट्रमा ख्याति हुने गरी त्रिवि केन्द्रीय पुस्तकालयलाई आधुनिक पुस्तकालयकोरूपमा स्थापना, निर्माण र विकास गरिन् । पुस्तकालय केवल पुस्तकहरूको भण्डार मात्र होइन, ज्ञान सामग्रीहरूमा रहेका ज्ञान, ज्ञान प्राप्तीको लागि पुस्तकालय आउने पाठकहरूलाई विना बिलम्ब ज्ञान प्रदान गर्ने महत्वपूर्ण ज्ञान प्रदान केन्द हो भन्ने कुरा नेपाली समाजमा प्रदर्शन गरिन् । साथै आधुनिक पुस्तकालयको महत्व र आवश्यकताको चेतना र जागरण नेपाली समाजमा ल्याई यसको अग्रज अभियन्ताको भूमिका निभाइन् । पुस्तकालय पेशाको पनि उनको सहयात्रीको हैसियतले मैले यो महानकार्यमा दिलोज्यानले साथ दिए ।

साधारणतः संसारमा कुनै पनि उपलब्धी विना चुनौति र संघर्ष प्राप्त हुँदैन । अर्को कुरा संसारमा जोसुकै जतिसुकै राम्रो भएपनि तिनका पनि विना कारणका शत्रुहरू हुनसक्छन् जसले विना कारण तपाई हामीलाई काल्पनिक शत्रु सम्झी तपाई हाम्रो संत्कार्यमा पनि  वाधा, अबरोध पुर्‍याइरहेका हुन्छन् । कसैलाई तपाई हामीबाट अन्जानमा हानी  हुन गई चालै नपाई शत्रु हुनगई दुःख दिइरहेका हुन्छन् । जसरी हामी हिड्दा अन्जानमा हामीवाट कुनै कमिला, किरालाई चोट लाग्न जान्छ । हामी चोट् लगाउनेलाई यो कुरा थाहा नहुन सकछ । तर हामीवाट चोट पाउनेले जानाजान चोट दिएको सम्झी शत्रुता राख्छ । शासन प्रशासन चलाउदा मुलुक वा संस्थाको हित विपरित क्रियाकलाप गर्नेलाई सजाय गर्नुपर्ने पनि हुन्छ । यसबाट सजाय पाउने ब्यक्ति शत्रु बन्न गई शत्रुता राख्ने पनि हुन्छ । एकथरी त इर्ष्या द्वेष मात्रले शत्रुता राख्छ । संसारमा कोही कोही कुनै कारणबिनै शत्रु बन्छन् । हाम्रा धर्म ग्रन्थहरू अनुसार यस किसिमका ब्यक्तिलाई बिना कारणका शत्रु भनिन्छ । अर्थात आफूले कुनै किसिमको हानी नोक्सानी नपुर्‍याइकन पनि विना कारण बनेका शत्रुहरू । जसरी जन्मजात स्वभाबैले बाखा, बोका चौपायाको बाघ शत्रु हुन्छ, घाँस साँगपातको बाखा, बोका, चौपाया शत्रु हुन्छ । त्यसरी नै कोही कोही मानिसहरू पनि कुनै उचित कारणबिनै कसैप्रति वैरभाव राख्ने आफ्नो स्वभावका हुन्छन् । यो संसारको प्रकृति यस्तै हो ।

त्रि.वि केन्द्रीय पुस्तकालयको निर्माण र विकास पनि यस्तै यस्तै अनगिन्ति साना ठूला बाधा, अवरोध,चुनौती र संघर्ष पार गरेर मात्र भएको कुरा Voice of Truth: The Challenges and Struggles of a Nepalese Woman  शीर्षकको शान्ति मिश्रको अंग्रेजी किताब र 'त्रि.वि. केन्द्रीय पुस्तकालयको गौरवशाली कहानी र हाम्रो सेवा' शीर्षकको हामी नारायण प्रसाद मिश्र र शान्ति मिश्रको संयुक्त लेखकको किताबले स्पष्ट गर्छ ।

हामीले हाम्रो पदीय दायित्व मात्र होइन पेशागत इज्जत र जिम्मेवारी स्वयम बोध गरी पुस्तकालय पेशाको मान र प्रतिष्ठाको लागि स्वयम सेवक भई पनि कम संघर्ष गरेको होइन । यसको लागि साना देखि ठूला सम्म हाम्रा हाकिम मात्र होइन हाम्रा हाकिमका पनि वडा हाकिम संग हामी लड्यौं भिड्यौं । पद, पदोन्नति खतरामा हाल्यौं । कुनै वेला पुस्तकालयको माथिल्लो अफिसको रूपमा हाकिम हुने विश्वविद्यालयको शिक्षाध्यक्षले पुस्तकालय पेशीहरूको मान मर्यादा मर्दन गर्ने गरी विश्वविद्यालयको पाठ्य क्रम विकास केन्द्र नामको कार्यालयको कानून नियम नियम बिपरित पुस्तकालय विज्ञानको योग्यता र पुस्तकालय विज्ञानको ज्ञान विनाको जो कसैलाई पुस्तक लेखाउने काम गरे । सोही हाकिमको कार्यालयमा सोही हाकिमको विरूद्ध हामीले अर्थात मैलेनै उजुरी हाले । यो लडाई विश्वविद्यालयको नियम कानून विरूद्ध गरेको अनियमितताको बिरूद्ध थियो । पुस्तकालय विज्ञानमा उपाधि प्राप्त ब्यावसायिक महानुभावहरूको मान सम्मान र अधिकार प्राप्तिको लागि थियो । पुस्तक लेख्नेको होइन, पुस्तक लेखाउनेको बिरूद्ध थियो । पुस्तकालय पेशाको लागि थियो ।

राष्ट्रमा उवेला विना अब्यवस्थित नाम मात्रले रहेका राष्ट्रिय पुस्तकालय र केशर पुस्तकालयलाई पनि विश्वविद्यालय प्रशासन भित्र ल्याई इजराइल मुलुकको मोडेलमा यसको विकास र विस्तार गरी यसका ज्ञानसामग्रीहरू  सवै मुलुकवासीहरूको अध्ययन अनुसन्धानमा टेवा दिने प्रस्ताब र योजना पनि पेश गरयौं । यो कामले अर्थात यो काम भएको भए  केशर शम्शेर जस्तो दाताको नाम पनि नमेटिने र दाताको इच्छा आकांक्षाको सम्झौताको कुनै विपरित कार्य पनि नहुने अर्थात दाताको नाम र इच्छा जस्तातस्तै रहने कुरा पहिले विश्वविद्यालय संगठन र प्रशासन बाहिर रहेका तर अहिले विश्वविद्यालय संगठन र प्रशासन भित्र रहेका ठाकुराम बहुमुखी क्याम्पस्, अमृत क्याम्पस आदिले स्पष्ट गर्छ नै । विना प्रयोगमा रहेका राष्ट्रमा भएका ज्ञानको स्रोत राष्ट्रवासीको बृहतर हित र उपयोगितामा ल्याउने यो एउटा अवधारणा थियो । हामी अबूझ भएर सो काम गरिएको होइन । तर सो काम हुन सकेन ।

त्यस्तै पुस्तकालय र पुस्तकालय पेशाको मान मर्यादा र प्रतिष्ठा नरूचाहने विश्वविद्यालयका कोही पदाधिकारीहरूले नेपाल र एशियाली अनुसन्धान केन्द्रको लागि डकुमेप्टेशन अफिसर नामको पुस्तकालय सम्बन्धी पद सृजना गरी पुस्तकालय विज्ञान सम्बन्धी योग्यता अनिवार्यता नगरी त्रि.वि. सेवा आयोगवाट विज्ञापन गराउन सफल भए । यो व्यवस्था बस्दै गयो भने त्रि.वि. केन्द्रीय पुस्तकालयको प्रमुख लाइब्रेरियन वा कुनै पनि पुस्तकालय सम्बन्धी पदको लागि पुस्तकालय विज्ञानको योग्यता नभएपनि हुने हुन गई पुस्तकालय पेशानै खतरामा पर्न जाने डर भयो । पुस्तकालय पेशाको प्रतिष्ठा बिरूद्ध र नियम कानूनको बिरूद्धको यो निर्णय र विधि बिरूद्ध हामीले आवाज उठायौ । सेवा आयोग बिरूद्ध समेत उजुरी दियौ । विरोध जनायौं । यो विरोध पद पाउने वा खाने व्यक्तिको बिरूद्ध थिएन । पुस्तकालय पेशाको प्रतिष्ठाको लागि अनियमितता गर्ने सम्बन्धित् विश्वविद्यालयको कार्यालय विरूद्ध हामीले यो संघर्ष पनि डटेर गर्‍यौं । सेवा आयोगको अध्यक्ष विरूद्ध पनि लड्यौं ।

काठमाडौं स्थित अमेरिकी पुस्तकालयको अभिरूची, सहयोग र आयोजनामा जम्मा भएका लाइब्रेरियन विशेषण जोडिएका पुस्तकालयमा काम गर्ने महानुभावहरूको समूहको बिच २०२७ साल तिर एक पुस्तकालय संघ खडा गरियो । सो वेला शान्ति मिश्र सुत्केरी विदामा घरमा रहेकी थिइन् । एक भूतपूर्व मन्त्रीको अध्यक्षतामा पुस्तकालय संघ खडा गरी सो भेलामा अनुपस्थित शान्ति मिश्रलाई सम्मानका साथ उपाध्यक्ष पनि बनाइयो । सोवेला मुलुक भरी जम्मा ५/७ जना मात्र पुस्तकालय विज्ञानमा योग्यता प्राप्त ब्यक्तिहरू थिए । पुस्तक संग्रह र पुस्तकालयको फरकता देखाई, पुस्तकालयका व्यावसायिक कर्मचारी र सहयोगी कर्मचारीहरूको फरकता देखाई आधुनिक पुस्तकालयको विकास र पुस्तकालय पेशाको प्रतिष्ठा बढाउनुनै सो वेलाको समयको माग थियो । यसैले आफनो अनुपस्थितिमा आफनो मर्यादा पाएर पनि यस किसिमको अब्यवसायिक पुस्तकालय संघ Non-professional Library Association सम्मिलित भएर पुस्तकालय र पुस्तकालय पेशाको प्रतिष्ठा बढनुको सट्टा झन घटन जाने बिचार हामीमा रहयो । हामीमा रह्‍यो । यसैले आफूलाई प्राप्त उपाध्यक्ष पदको लागि धन्यवाद प्रदान गरी शान्ति मिश्र सो संघवाट अलगिन् । शान्ति मिश्रको यो कदम पनि पुस्तकालय पेशाको प्रतिष्ठा जोगाउनुकै लागि थियो ।

यी सबै विषयहरूको विस्तृत विवरण माथि उल्लिखित पुस्तकहरूमा दिइएका छन् । यी भन्दा धेरै ठूल ठूला अरू अनगिन्ति संघर्षका यहाँ चर्चा नगरिएका बिषयहरू छन् । सही पुस्तकालय नीति र व्यवस्थाको लागि तात्कालिन  उपकुलपति लगायतका त्रिबिका  उच्चपदाधिकारीहरू र त्रि.वि. प्रशासनको बिरूद्ध हामी लडेको र यसरी लड़ी जिती पुस्तकालयमा व्यवस्था बसालेको संघर्षको कहानी हाम्रो पुस्तकमा छ । यी सवै कुराहरू कम ठूला आँट र निस्वार्थभावले गरिएका होइनन् । आफनो अन्तस्करणले देखेको कुरामा आफ्नो जिमेवारीमा रहेको संस्थाको हितको लागि आफ्नै भाग्य, दुर्भाग्य कोर्ने शक्तिशाली हाकिमहरूको विरूद्ध पनि कडा आवाज उठाउनु आफ्नो संस्थाप्रति कमठूलो प्रेम र बफादारिता होइन । हाम्रा यी संघर्षहरू कुनै व्यक्तिगत लाभ, सुविधा वा स्वार्थका लागि होइनन्; बरू पुस्तकालय पेशाको मान, मर्यादा, व्यावसायिक निष्ठा, इमानदारी र व्यावसायिक मापदण्डहरूको संरक्षण तथा संवर्द्धन गर्न र आधुनिक पुस्तकालय सेवाको विकासलाई अघि बढाउन गरिएका निस्वार्थ कामहरू हुन् भन्ने कुरा बुझ्न जोकोही सज्जनलाई गाह्रो नहोला ।

शान्ति मिश्रले र शान्ति मिश्रसँग सहयात्रामा रहदा मैले अर्थात हामीले आफनो ब्यक्तिगत फायदा वेफायदा हित अहितको कुनै पर्वाह नगरी आधुनिक पुस्तकालयको विकास र पुस्तकालय पेशाको अभिवृद्धिका लागि काम गर्न कुनै कसर बाँकी राखेनौं । तरपनि हामीबाट हाम्रो पुस्तकालय विकास र पुस्तकालय पेशाको प्रतिष्ठाको लागि गरेको प्रयास र संघर्षबाट आफनो स्वार्थमा वाधा पर्न गई यही कारणले वा अन्जानमा हामीवाट हुनगएको कुनै कुराले हानी नोक्सानी हुन गई वा ईर्ष्या, द्वेष मात्रले वा विना कारण वाखाको वाघ वा घाँसको चौपाया जस्तै शत्रु बनेका हामीले गरेको निर्विवाद उपलब्धी र निस्वार्थ सेवामा पनि  दोष देख्ने पनि जरूर छन्, हुन्छन् । यसै कममा कुनै महानुभावले  भ्रमै भमको कथा बुनी  'धेरै पछि शान्ति मिश्रले अदालतवाट सफा पाइन्' भन्ने बाक्य समेत लेख्न पुगेको देखिन्छ । यद्यपि शान्ति मिश्रलाई आजसम्म कुनै अदालतमा मुद्दा लागेको इतिहास छैन ।  आफू झूल भित्र बस्दा पनि कानको नजिक आई कराउन आउने लामखुट्टे हुने जस्तै यो कुनै आश्चर्यको कुरा त होइन । भारतको महान नेता महात्मा गान्धी अमेरिकाको महान नेता मार्टिन लुथर किङ जस्ता अहिंसाको पुजारीलाई पनि गोली ठोक्ने भएको संसारमा यस्ता कुराहरू भइरहनु कुनै  ठूलो कुरा त होइन । तर पनि यस किसिमका कुनै पनि किसिमका कुराहरूको  सत्यवोध चाहनेका लागि कुनै दिन हामी यो संसारमा नरहदापनि हाम्रा माथिका पुस्तकहहरूको अध्ययनबाट स्पष्ट अवगत हुने म विश्वास गर्छु ।

narayanshanti70@gmail .com

*लेखक परिचयः नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा असंख्य लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग  कार्यालयका पूर्व प्रमुख, तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक ।*



## पोस्टर



**-डा. दामोदर पुडासैनी किशोर**

**पोस्टर-१**
क्याक्टसमाथि लडिबुडी खेल्छु
दौडँदै सिल्करोड नाघ्छु
ग्रेटवालले थिच्छ
पहाडले पुर्छ
शून्य शून्य छन् संवेगहरू
सिँहासन र जेलले छुँदैन
आकाश रित्त छैन
जमिनमा माटो र ढुँगा छैन
यो मेरो देशको सँसद हो या सरकार
जहाँ सबैकुरा छ झैँ लाग्छ
तर,कतै केही छैन ।



**पोस्टर-२**
मैले भर्खरै
यो सँसारकै अन्तिम पोस्टर बनाएँ
यो पोस्टरमा अटाएका चित्रहरू
अब देखिनेछैनन् सँसारमा कहिल्यै ।

**पोस्टर–३**
एउटा अन्तिम प्रश्न सोधियो कतैबाट
सँसारकै दिग्दारी ठाउँ कुन हो ?
र, सँसारकै कुरूप पोस्टर कुन हो ?
अन्त्यमा पुरस्कृत भयो जबाफ -
मान्छे बिनाको सँसार
र , मान्छे बिनाको पोस्टर ।

**पोस्टर–४**
मैले तिम्रो पोस्टर बनाएँ
र तिमी उभिएको ठाउँकोपनि
आखिर सबैले तिमीलाई भन्दा तिम्रो पोस्टरलाई मन पराए
किनकि पोस्टरलाई सबैले
आइ लभयु भन्न सक्थे
तर तिम्रो अघिल्तिर चुप थियो सबैको अनुहार ।

**पोस्टर-५**
कहिले शंकाको लोहोरोले पिँध्छ
कहिले कुनै न कुनै निहुँ झिकेर जुध्छ
कहिले अरूको सबै सम्पत्ति लुट्छ
साँझ पर्नै हुँदैन
रात झर्नै हुँदैन
धमिलोमा माछा मार्न जुट्छ
सँसार मान्छेले सही बताउँन नसक्ने भयो
साँचो त बरू मान्छेले भन्दा पोस्टरले बक्छ ।

## नौलो हर्ष



**सुन्दर रोका दोलखाली**

जादैछु म संसार छोडी लाश हेर्न आउ तिमी
घिटी घिटी परान हुँदा सास हेर्न आउ तिमी ।

तिमी बिना शुन्य भा छ मेरो सारा संसार
को रहेछ मेरो आफ्नो खास हेर्न आउ तिमी ।

आँसु झार्ने कमी हुन्न मेरो आगनीमा
सुन्यताले भत्केको मेरो बास हेर्न आउ तिमी ।

छुनु हुन्न मेरो चिता अकैकी बनेपछी
आगो लगाई खरानीको रास हेर्न आउ तिमी ।

## स्वीकारोक्ति सिद्धि पुरस्कार




पाकिस्तानी हिमालमा गएकोथ्यो टोली
सकुशल फर्की आउँछौं आमा भन्दै भोलि ।
मडारियो कालो बादल आजै आकाशमा
परिणत भयो कठै ज्यान मृत लासमा ॥
पर्वतारोही ऊर्जा हुन् देशका
अमर निर्मल पुर्जा हुन् देशका ॥
विश्व कीर्तिमान राख्ने होड उनमा थियो
सकेसम्म सबै चढ्ने जोड उनमा थियो ।
बिग्रेपछि दिनबार के लाग्थ्यो र आमा
बचाउन सकिएन गर्दागर्दै धामा ॥
पर्वतारोही ऊर्जा हुन् देशका
अमर निर्मल पुर्जा हुन् देशका ।



**उत्तम विचार**

## प्रहरी कलाकार संघद्वारा ५ स्रष्टा सम्मानित

२०८३ साउन १४, काठमाडौं ।

नेपाल प्रहरी कलाकार संघले हिजो गुरू पूर्णिमाको दिनमा तेस्रो वार्षिकोत्सबको अवसरमा ५ स्रष्टालाई सम्मानित गऱ्यो । नेपाल प्रहरी संगठन प्रमुख प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा चेतन कार्की गीति वाङ्मय सम्मान २०८३ बाट वरिष्ठ गीतकार राजेन्द्र थापा, राजपाल थापा नृत्य सम्मान २०८३ बाट नृत्यङ्गना विमला श्रेष्ठ क्षेत्री, गोपाल योञ्जन सङ्गीत साधना सम्मान २०८३ बाट गीतकार डा. किरण प्रधान, हाडा एन्ड पाल हास्य वाङ्मय सम्मान २०८३ बाट वरिष्ठ हास्य कलाकार सन्तोष पन्त सम्मानित भएका थिए ।

सोही कार्यक्रममा पहिलो पटक प्रदान गरिएको पूर्व प्रहरी कलाकार साधना सम्मानबाट पूर्व प्रहरी प्रमुख तथा कलाकार अर्जुजङ्ग शाहीलाई सम्मान गरिएको थियो ।

सम्मानित व्यक्तित्वहरूलाई दोसल्ला, फूल/दुबोको माला, बुके, सम्मानपत्र र नगदसहित सम्मान गरिएको थियो ।

नेपाल प्रहरी कलाकार संघको वरिष्ठ सल्लाहकार तथा चर्चित कलाकार मिथिला शर्माले ४ स्रष्टाहरूको नाममा स्थापित सम्मानबारे संक्षेपमा प्रकाश पार्दै सम्मानित व्यक्तित्वहरूका बारेमा पनि प्रकाश पारेकी थिइन्। इतिहास रच्नुहुने स्रष्टाहरूले अर्थआर्जनभन्दा भावना बोक्दै दरिलो प्रभाव छाडेको बताइन् । संघका संरक्षक क्षेत्रबहादुर गुरूङले स्वागत मन्तव्य राख्दै ऐतिहासिक योगदान पुऱ्याएका कलाकारहरूको सम्मान गर्ने व्यवस्था मिलाएको बताए ।

कार्यक्रममा सांगीतिक प्रस्तुतिहरू प्रदर्शन गरिएको थियो भने संघका कोषाध्यक्ष गणेश गोपालीले संघको वार्षिक प्रतिवेदन पेश गरेका थिए ।

राष्ट्रिय गान र गुरू वन्दना गरिएको सो कार्यक्रममा कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त गर्ने ज्ञात अज्ञात शहीदहरूको सम्मान तथा सम्झनामा एक मिनेट मौन धारण पनि गरिएको थियो ।

नेपाल पुलिस क्लब, भृकुटीमण्डपमा भएको कार्यक्रममा प्रहरी परिवार, कलाकार तथा साहित्यकारहरूको बाक्लो उपस्थिति रहेको थियो ।

## सम्झना बिर्सना रूमलिंदा



*अरूणबहादुर खत्री*

साहित्यकार राजेन्द्र श्रेष्ठको सम्झना बिर्सना नामक कवितासङ्ग्रह २०८२ सालमा प्रकाशित भएको छ । यो कवितासङ्ग्रहमा सूर्य, तारा, खोजी गर्छु, सम्झना बिर्सना, धर्तीको आँसु, म दुःखी हुँ लगायत विभिन्न शीर्षकका ७० वटा कविताहरू सङ्गृहीत छन् । यस कविता सङ्ग्रहभित्रको सूर्य शीर्षकको पहिलो कवितामा बिहानको सारा चिसो हटाउँदै सबैतिर न्यानो घाम पोख्दै उदायौ सूर्य आकाशमा तिमी चहकिलो अनि उज्याला तिमी भनेर लेखिएको छ ।




रोएर जाने हे प्यारा साथी फर्केर आऊ न
बगेका आँसु सँगालो जाऊ फर्केर आऊ न

तारा शीर्षकको दोस्रो कवितामा साँझमा निस्किएर छर्छन् उज्यालो प्रातकालमा हराएर पार्छन् अन्योल दीपावलीको बत्ती झैँ झिलीमिली यहाँ स्वर्ग पो हो कि साथी जाऊँ हेर्न त्यहाँ भनेर कविले लेखेका छन् । खोजी गर्छु शीर्षकको कवितामा कविले साथीलाई खोजी गरेका छन् अघि बढ्ने बेलामा कहाँ गयो मति टाकुरा छुने बेलामा कस्तो मेरो गति भनेका छन् ।

यो देशमा जन्मे म हावा यहीको खाएँ
माटोसँगै खेले म अन्न यहीको खाएँ
उकाली ओराली गर्दै जीवन यही बिते
यहीको वनजङ्गल नदीसँग खेले ।

कवि राजेन्द्रले यो कवितामा जुन देशमा आफू जन्मेको हो त्यहीको हावा खाएँ माटोसँगै खेलेर अन्न पनि यहीको खाएँ उकाली ओराली गर्दै जीवन यही बिताए यहीको वनजङ्गलमा नदीसँग खेलेको कुरा लेखेका छन् । सम्झना बिर्सना शीर्षकको कवितामा सम्झना आयो याद आयो तिम्रो मन भयो व्याकुल टिपेर एउटा फूल दिन पाइन सम्झना हरपल भनिएको छ । धर्तीको आँसु शीर्षकको कवितामा फूलमाथि भवँराले गुँड लगाइदिन्छ हावाहुरी आइकन उडाई लैजान्छ भनेर कविले लेखेका छन् ।

नदीमा आज माछा मरेछ
किन यो मन दुखिरहेछ ।

नदीमा आज शीर्षकको यस कवितामा कविले नदीमा आज माछा मरेर गयो किन यो मन दुखिरह्यो किन मलाई कोही लोभ देखाइरहेछ किन मलाई कोही माया गर्दोरहेछ भनेका छन् । म दुःखी हुँ शीर्षकको कवितामा म दुःखी हुँ आँसु बग्छ हर दिन दुख्छ यो मुटु रून्छ यो मन भनिएको छ । लेखी पठाएथे चिठी शीर्षकको कवितामा रमेर हामी हाँसेर हामी कति दिन बसेथ्यौ बिछोडको दिन हाँसेर हैन रोएर छुटेथ्यौ भनिएको छ ।

म वस्तीबाट बरालिएर टाढिएछु
आफन्तसँग विछोडिएर एक्लिएछु ।

कविले म वस्तीबाट शीर्षकको यस कवितामा म वस्तीबाट बरालिएर टाढा भएछु आफन्तसँग विछोडिएर एकलो हुन पुगेछु भनेका छन् । कविलाई निलो निलो आकाशमा उडूँ उडूँ लाग्छ सेता सेता वादलमा हिँडु हिँडु लाग्छ कहाँ होला देउता बस्ने अर बन्ने ठाउँ लाखौ वर्ष बाँचु लाग्छ बाँच्न म पाऊ भनेर इच्छा शीर्षकको कवितामा लेखिएको छ । उज्यालो जीवन शीर्षकको कवितामा आँसु बगाई म तिमीसँग बोल्न सक्दिन हाँसोलाई साँची राखेर पनि म रून सीकदन भनेर कविले लेखेका छन् ।

हिमाल झैँ चोखो माया धमिलो भएछ
बाचा बन्धन कसम सबै हावामा उडेछ ।

कविले मेरो मान्छे शीर्षकको यस कवितामा हिमाल झैँ चोखो माया धमिलो भएछ वाचा वन्धन कसम सबै हावामा उडेछ भनेका छन् । जतातते आज किन अँध्यारो छाएछ दुइटा मुटु जोडिएको आज छुटेछ भनेर उनले लेखेका छन् । मेरो नजिक नआउनु शीर्षकको कवितामा म एक्लै रोएको बेला मेरो नजिक नआउनु कति नजाती हुन्छ फेरि तिम्रो दिल दुखाउनु भनेर पोखेका छन् ।

यो सङ्ग्रहभित्र समेटिएका कविताहरूमा प्रेम विछोड अस्तित्व प्रकृति र जीवन मरणका संवेदनाहरू समेटिएका छन् । यस कवितासङ्ग्रहमा कविले जीवनका अन्तर्विरोधहरू, सम्बन्धका आरोह अवरोध, प्रेम र विछोड, अस्तित्व र असहज भावनाहरूलाई शब्दमार्फत व्यक्त गर्न खोजेका छन् । हाँसू भने शीर्षकको कवितामा हाँसू भने हाँसो छैन रोउँ भने आँसु छैन कताकता घाउ दुख्छ मल्हम लाउने हात छैन भनेर कविले लेखेका छन् ।

युगको प्रतिनिधि शीर्षकको कवितामा काँडामा टेकेर हिँडिरहेछु काँडाले कोर्छ नभन दलदले जमिनमा घिस्रिरहेछु गाडिन्छ भनेर नभन आगोमा टेकेर हिँडीरहेछु आगोले पोल्छ नभन कविले भनेका छन् । कवि राजेन्द्रलाई साहित्य मन पर्छ साहित्यिक रचना लेखेर यसमै डुब्न उनी मन पराउँछन् । उनले लेखेका कविताहरू मार्मिक, सुन्दर र प्रभावशाली छन् । शैलीमा निजत्व प्रवाहित रहेको पाइन्छ भने चिन्तन पक्ष विशेष देखिन्छ । कविताहरू प्रतिकात्मक छन् । प्राकृतिक र सांस्कृतिक बिम्बहरूले कवितालाई रोचक बनाएको छ । ए पर्ख पर्ख शीर्षकको कवितामा ए पर्ख पर्ख मेरो आँसुदेखि भाग्नेहरू आँसु लुकेर एकदिन हाँसो आउन सक्छ भनिएको छ ।

तिमीलाई खोज्न उठेर हिँडे
तिमीलाई कतै पाउन सकिन
म यसै पल्टिएँ सपना देखेछु
सपनामा फेरि तिमीलाई देखेँ ।

तिमीसँग मेरो गुनासो केही छैन तिम्रो प्रश्नको जवाफ मसँग छैन भनेर कविले तिमी र म शीर्षकको कवितामा लेखेका छन् । मानिसको भिड छल्दै कवि किनारा लागेका छन् उनको बाटो छेक्न कहिले अघि सरेका छन् । न तिमीसँग आँखा जुधाएर हेरे न तिमीलाई घात गर्न खोजे भनेर कविले लेखेका छन् । यस कवितासङ्ग्रहभित्रको म एक्लो शीर्षकको अन्तिम कवितामा झरेको पात के एक्लो म पो एक्लो रहेछु झरेको फूल के मऱ्यो म पो जिउँदै मरेछु भनेर कवि राजेन्द्रले लेखेका छन् । अन्त्यमा कवि राजेन्द्र श्रेष्ठको लेखनयात्रा अविराम चलिरहोस् आगामी दिन नयाँ नयाँ कवितासङ्ग्रह निस्कन सकोस् भन्न चाहान्छु ।

कृतिः सम्झना बिर्सना विधाः कविता लेखकः राजेन्द्र श्रेष्ठ
प्रकाशकः तरेली साहित्य प्रतिष्ठान संस्करणः प्रथम, वि.सं. २०८२

## माहिला साहिलाको पसिना सधैं कतारमा



अरूको उन्नति र प्रगतिको सम्भावना देखेपछि
अगाडि बढ्न खोज्ने हिम्मत र चाहना देखेपछि
रचिन्छ षड्यन्त्र, खेलिन्छ खेल, झुन्ड बनाएर यहाँ
आत्मबल गिराउने, अस्तित्व मेटाउने सपना देखेपछि

**- धर्मिला कार्की**



अल्छी गरेर नसुत हे युवा! उठ अब जुरूक्क
देश सजाएर छातीभित्र हिँड्न थाल खुरूक्क
तिमीहरू नजागे जाग्दैन है राष्ट्र र राष्ट्रियता
भगाउन पर्छ आलस्य र निष्क्रियता लुरक्क ।

**- अरूणकुमार भुजेल**



निचोरेर शब्द अमृत पिउन सिकाउने गुरू
पथ्थर छेडेर पिपल जिउन सिकाउने गुरू
कृपा नहुदो हो त शिर सधैं झुकिरहन्थ्यो
कहर तुनेर कहरलाई सिउन सिकाउने गुरू ।

**- गंगा दहाल**



कहिले बादल नगर्जे'नि मुसलधारे झरी पर्छ
केले घोच्छ घोच्छ आँखाबाट आँसु तरतरी झर्छ
कति धेरै कोमल मुटु दियौ नि भगवान आमालाई
सल्लाघारी सुसाए झैं छाती भित्रभित्र सरसरी गर्छ।

**- कला ढकाल**



प्रेम र अहिंसाबाट नै मानवताको विकास हुन्छ
प्रत्येक जीवजन्तु प्राणीमा भगवानको बास हुन्छ
एउटै मन एउटै आत्मा बाँच्ने रहर पनि उस्तै
तर पनि जीवजन्तु स्वाद कै लागि गास हुन्छ ।

**- लीला दाहाल अधिकारी**



एकमा एक जोडेर चार हुने भए
झूटो बोलेर जित्नेको हार हुने भए
नक्कली प्रेम कसैले पनि गर्दैन थिए
माया नाप्ने तेस्तो कुनै औजार भएको भए ।

**- लक्ष्मी नेपाल**

**सन्ध्याकालीन**
www.sandhyakalin.com
**गोरखा एक्सप्रेस**
www.nepaltoday.com.np पढौं
लेख, रचना र बिज्ञापन पठाएर सहयोग गरौं ।




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# पुराना दलहरूलाई बालेन सरकार घाँडो

बालेन सरकारले भ्रष्टाचारमा शून्य सहनशीलता अपनाएपछि पुराना दल, कर्मचारीतन्त्रमा समेत भूकम्प गएको छ । प्रम बालेनले भ्रष्टाचार गरे भन्न नपाएपछि सडक, संसद र सामाजिक सञ्जालमा प्रम बालेन सरकारको खोइरो खन्ने काम तीव्र गतिमा भइरहेको छ । रास्वपाभित्र सभापति रवि लामिछाने र प्रम बालेनवीच फाटो ल्याउने प्रयासमा पनि प्रतिपक्षीहरू सफल हुनसकेनन् । उनीहरूले बालेनको जिब्रो थुत्ने खालको अभिव्यक्ति दिइरहेका छन्, बालेन संसदमै नगएपछि यही विषयलाई लिएर प्रतिपक्षीहरूले आक्रमण तीव्र पारिरहेकै छन् । कसैगरे पनि बालेन साहको कदम नरोकिएपछि भ्रष्टाचारमा आत्तिएका खाइपाइ आएका पुराना दल, कर्मचारीहरू बालेन विरूद्ध जातीय र धार्मिक हिंसा फैलाउन साजि गर्न थालेको भनिदैछ । हुन त हिंसा बढेपछि सर्वदलीय बैठक, प्रमको राष्ट्रका नाममा सन्देश र अन्य दलहरू, धार्मिक र सामाजिक गुरू अभियन्ताहरूले सद्भाव कायम राख्न आह्वान गरेका छन्, जसले गर्दा नेपाली एकतामा बल मिलेको छ, जो हिंसा र अराजकता फैलाउन चाहन्थे, उनीहरू झसङ्ग झस्किन पुगेको देखिएको छ ।

But it also contributed to an increasingly bifurcated human-capital system.

One educational stream leads disproportionately toward English-medium schooling, higher examination performance, professional education, foreign universities, and higher-income opportunities. The other leaves too many students with weak foundational skills and few viable paths, for example, into productive domestic employment.

These trajectories are not deterministic. Many public-school students succeed brilliantly, and many private-school graduates struggle. But the probabilities have become disturbingly unequal.

At one end of the chain, children in weak public schools fall behind in mathematics, science, English, and increasingly digital capability. At the next stage, they confront limited technical and higher-education options. At the labor-market stage, many find that Nepal's economy offers few intermediate-productivity jobs.

The human-capital supply chain then splits again.

One stream exports less-skilled young workers to difficult blue-collar employment in the Gulf, Malaysia, and elsewhere. Another exports better-educated young people to universities and professional pathways in Australia, the United States, Europe, Japan, and other destinations.

One group exports labor. The other exports emerging human capital.

Nepal loses at both ends.

This is why the education issue cannot be separated from the country's larger productivity problem. Weak foundational education constrains technical capability. Weak technical capability constrains industrial development. Weak industries limit productive employment. The absence of domestic opportunity then reinforces migration.

Nepal debates school fees at the beginning of the pipeline and remittances at the end, while neglecting the broken production and capability system connecting the two.

5. The Ladder Paradox

Parents do not merely purchase schooling. They purchase the possibility of upward mobility.

A lower-income mother or father who gives up food quality, housing improvements, medical care, or personal comfort to pay school fees is not primarily making a consumer choice. The family is attempting to buy a rung on the opportunity ladder. That sacrifice deserves respect.

But it also reveals the deepest paradox:

Those who most need the ladder are least able to afford it. This is where both the government's original policy and much of the opposition response fell short.

The government proposed taxing private access to finance equity elsewhere. Its critics defended the ability of individual families to continue buying private access. Neither side sufficiently addressed the central challenge: rebuilding public ladders that millions of children can climb without purchasing an escape route.

A truly pro-poor education strategy must therefore go beyond taxing or subsidizing private schools. It must ask how Nepal can make public education credible and competitive.

From Taxing the Ladder to Building It

The 3% fee was designed as a financing instrument. But Nepal's public-education crisis is not merely a shortage-of-money problem. It is also a problem of teacher capability, accountability, curriculum, institutional incentives, technology, local leadership, and system learning. The political infiltration is the other one.

Still, that does not mean financial resources are unimportant. It means that new revenue must be connected to an implementable design.

A more credible equity initiative might begin with a limited number of demonstrable public-school transformations, particularly in districts producing persistently poor learning outcomes. Each pilot could combine:

* capable and accountable teachers;
* focused instruction in mathematics, science, English, and digital literacy;
* adaptive tutoring (e.g., AI) and remedial support;
* functioning computer laboratories;
* transparent learning assessments;
* non-partisan local-government and community participation;
* and public dashboards showing whether students are actually learning.

In my earlier essay on bridging Nepal's educational divide, I discussed adaptive and AI-supported tutoring experiments used in parts of Africa. Some operate with limited bandwidth or offline content, diagnose individual learning gaps, and allow students to progress at their own pace.

AI tutoring is not a substitute for teachers, leadership, or institutional reform. Nor is it a magic answer. But in remote schools that cannot consistently attract qualified STEM teachers, technology can become one component of a broader recovery system.

The twenty computers in the Gulmi–Pyuthan school should not remain silent witnesses to institutional failure.

The larger principle is experimentation with accountability: try multiple approaches, measure results, retain what works, and continuously correct what does not. Learn, apply, repeat!

The Second Educational Divide

Repairing public schools addresses the first leakage in Nepal's human-capital system. A second leakage occurs after secondary education.

Every year, a vast number of young Nepalis seek permission to study abroad. The Ministry of Education operates the No Objection Certificate system for this expanding outward flow.

Again, overseas education is not inherently a problem. International exposure, knowledge networks, and mobility can benefit Nepal. The problem arises when studying abroad becomes the default ladder for capable students because domestic universities no longer offer credible alternatives.

Nepal therefore needs a second set of reforms:

* differentiated research, teaching, and community or technical institutions;
* stronger links between universities and provincial economies;
* programs aligned with agriculture, energy, tourism, health, engineering, data science, and other productive needs;
* merit-based academic leadership;
* work-study and targeted scholarship models;
* partnerships with industry and the diaspora;
* and regional universities serving as anchors of local capability.

Public-school reform and higher-education reform are not separate agendas. Together, they form the national human-capital ladder.

The first gives children a fair start.

The second gives young people credible reasons to deepen their capabilities at home.

The economy must then provide productive places to use those capabilities. Otherwise, even successful education reform will merely improve the quality of Nepal's exports.

A Better Social-Democratic Test

The proposed equity fee reflected a defensible social principle: citizens with greater means should contribute to expanding opportunity to those with less. But social democracy cannot be reduced to imposing a surcharge and transferring the revenue. Its deeper test is whether the state can build durable public capabilities.

Can it create schools that poor parents trust¿

Can it help a child in a remote village master mathematics and science¿

Can it connect secondary education to technical training, universities, enterprises, and productive employment¿

Can it turn education into a ladder toward a domestic middle class rather than a sorting mechanism between two forms of migration¿

The government was right to recognize the inequality. It was also right to listen when citizens raised concerns about the instrument. Backtracking need not be interpreted as intellectual defeat. A learning government should be willing to revise a weak design. But policy learning requires more than withdrawal. It requires replacing the abandoned instrument with something more credible.

The real choice is not between imposing and removing a 3% fee. Nor is it between defending public schools and attacking private ones. The real choice is between continuing to subsidize individual escape from a failing system and undertaking the harder task of rebuilding that system.

The parents who sacrifice for private education are sending the state a powerful signal. They are telling us that they want a ladder for their children.

The challenge for this young, educated, and reform-minded government is not merely to make that privately purchased ladder 3% cheaper.

It is to build a public ladder strong enough for every child to climb.

*Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution through the lens of complexity and emergence science. His systems-policy essays on Nepal's socio-economic and political landscape appear on Nepal Unplugged.*

Appendix:

A. Notes on Illustrative Calculations

The numerical comparisons presented in this essay are intended as illustrative, back-of-the-envelope estimates rather than precise econometric calculations. They draw on publicly available household survey statistics, government reports, and other online sources available at the time of writing. Some figures—particularly those involving household income, private school attendance by income quintile, and the share of income devoted to education—are sensitive to assumptions regarding household size, number of school-age children, geographic variation, and school fees. Readers are encouraged to verify or refine these estimates using the original data sources. The broader argument of this essay does not depend on the exact numerical values. Rather, it rests on the structural patterns they illustrate.

B. Readers interested in the broader discussion of AI-assisted learning in rural Nepal may wish to see my earlier essay, "Bridging Nepal's Educational Divide with AI," where I discuss adaptive tutoring systems and examples from South Africa.

अध्ययनबाट मधेशका कच्ची घर १५ श्रम दिन र पहाडका अर्ध कच्ची घर ३० श्रम दिनका हुने गर्दछन् ।

यो प्रस्ताव कार्यान्वयन गर्दा सम्पन्न भइसकेका ठूला निर्माण विकासका आयोजनालाई बिगार्न पर्ने पनि हुँदैन । घना रूपमा बसेका पचास घर भन्दा बढीसंख्या रहेका वस्तीलाई सामान्य सुधार गर्दै जाँदा पनि पुग्दछ । यस्ता वस्तीलाई अलग गर्नासाथ बाँकी त प्राय: सबै नै साधारण कच्ची मात्र पर्दछन् ।

राष्ट्रिय स्तरमा वसोवासको पुनर्गठनपछि प्रशासकीय पुनर्गठन र त्यसपछि प्रशासकीय संगठन, व्यवस्थित र सघन उद्योग व्यवसाय, निर्धारित व्यापार र सुनियोजित कृषि कार्यक्रम सञ्चालन गरिनुपर्ने हुन्छ । त्यसको प्रस्ताव अध्याय ६ मा गरिएको छ ।

व्यवस्थित र एकीकृत बस्ती बसाल्दा पुराना केही घर गोठलाई यताउति सार्नुपर्ने हुन्छ । यसरी सार्दा निकै खर्चिलो हुन्छ कि भन्ने आशंका उठाएको पाइन्छ । यो खर्चिलो नहुने मात्र होइन समष्टिगत विकासमा त झन् सस्तो पर्दछ । माथि सारिणी नं. १ मा दिइएको अवस्थाले १७ प्रतिशत भन्दा बढी घरहरूलाई सारिहाल्नु पर्दैन भने शहरीकरण भईसकेका क्षेत्रलाई दोश्रो चरणमा बिस्तार गर्ने नीति अनुरूप जनतालाई तत्कालै असजिलो हुदैंन ।

शहरी क्षेत्रमा खर्चिला र ठूला घर छन् । यस्ता बस्ती देशभर ३५६ जति छन् । तिनको कुल संख्या पनि धेरै हुदैन । धेरैजसो घर यथास्थानमा वयवस्थित हुन्छन् । हजारदेखि ५ लाखसम्म जनघनत्व भएका क्षेत्रमा नै खर्चिला, महँगा र तत्कालै भत्काई सार्न नहुने घरहरू पर्दछन् । तिनको सुधारको गर्नु जरूरी छ । अहिलेको यथास्थिति वस्तीको संख्या लगभग व्यवस्थितका लागि विचारणीय छ ।

घरहरूको घनापन

व्यवस्थित वस्तीको निर्विकल्प खाँचो

व्यवस्थित वस्तीको खाँचो:

मान्छे सदा सुखदायी र सुन्दर सिर्जना चाहन्छ । असुन्दर सिर्जनाका कुरा मानवलाई पच्दैन । त्यसैले मानिसले सबै असुन्दर चीज भत्काउँदछ, तोड्दछ, अर्को ठाउँमा सार्दछ र नयाँ सुन्दर सिर्जना गर्दछ । आँखा बिझाउने वस्तुलाई आँखा रसाउने वस्तुमा परिणत गर्दछ । विधिविधान न्याय खोज्ने बाटो मात्र होइन निषेधहरू स्वीकार्ने पनि हो । त्यसैकारणले त सरकारले त्रिपुरेश्वरदेखि कोदारी राजमार्गमा र देशभरका राजमार्गभर बनेका असुन्दर भद्दा रचनाहरू घर, टहराहरू धमाधम भत्काइरहेको छ । हाम्रो देशका समस्त पुराना वस्तीहरू पनि अवरोधक, असजिला र कुरूप बस्ती हुन् । तिनीहरू सबैलाई सुन्दर, सुविधायुक्त संरचनामा लगेर समस्त देशको स्तर उठाउन सकिन्छ । चेतना अभिवृद्धि गरेर पूर्ण रोजगारतिर अभिवृद्धि गर्न पनि वस्ती व्यवस्थित पार्नु नै विकासको पहिलो चरणको काम हुन आउँदछ ।

सबैखाले मानवीय दु:ख तथा समस्याका कारणहरू, पछौटे पन, अज्ञानता, अचेतनता र अविकासका कारणहरूका कारण अव्यवस्थित बस्ती नै हो भन्नेकुरा हामीले अघिल्लो अध्यायबाट बुझिसकेका छौं । अब यहाँ व्यवस्थित गर्नुपर्ने कारणहरू, व्यवस्थित गर्दा हुने फाइदाहरू तथा गर्ने प्रक्रियाहरूको प्रस्ताव गरिन्छ ।

गाउँ विकास गर्नुपर्ने कारणहरू छन्:

शतप्रतिशत नागरिकलाई समान अवसर प्रदान गर्न :

- गुणस्तरको शिक्षा सेवा दिन ।
- समान स्तर र एकै रूपबाट व्यवस्थित स्वास्थ्य सेवा (SyQmemtic, Referal Health Scheme) दिन ।

# भ्रष्टाचारको अन्त्य गर्ने तरिका



डा.शास्त्रदत्त पन्त

- खानेपानी, विद्युत्, ढल, इन्धन ऊर्जा, संचार, यातायात प्रदान गर्न ।
- पशुपंक्षी, खेतीपातीलाई आवश्यक सेवाहरू दिन ।
- राज्य द्वारा दिइने सबै सेबाहरू समान रूपले दिन ।

शत प्रतिशतलाई क्षमता अनुसारका रोजगार उपलब्ध गराउन :

- कृषिजन्य रोजगारहरू ।
- गैर कृषिजन्य रोजगारहरू ।
- जनचेतना जागरण कार्यक्रम सञ्चालन गराउन ।
- सुकुम्बासी विहीन बनाउन ।
- तथ्य तुरून्त पाइने गराउन ।
- देशको सबै भूभागलाई समान आकर्षणका केन्द्र बनाउन ।
- उत्पादक्तवको अभिवृद्धि गराउन ।
- दैवी प्रकोपको पीडाबाट हटाउन (कमिकरण, नियन्त्रण गर्न)
- वातावरण सन्तुलन गर्न गर्न ।
- सडक निर्माणको सीमांकन गर्न ।
- ४५° भन्दा माथि अनिवार्य रूखजन्य खेती गर्न ।
- ३०°-४५° भिरालो पहाडमा वस्ती बसाउन ।
- ३०° भन्दा कम भिरालोमा मात्र अन्नखेती गर्न ।
- विकासको दोहोरोपन हटाउँन ।
- जनसहभागिता बढाउन ।
- पारिवारिक उत्पादकत्व बढाउन ।
- सामुदायिक काम तीब्रता ल्याउँन ।
- कुरीती हटाउन ।
- आफ्नो धर्मसंस्कार संस्कृतिको सही वैज्ञानिक प्रयोग गर्न, जगेर्ना गर्न ।
- स्रोत सदुपयोग र परिचालन गर्न तथा श्रम र स्रोतको भरपुर वचत गर्न ।
- मानवस्रोत, सीप, श्रम सदुपयोग गर्न ।
- प्राकृतिक स्रोतको सदुपयोग गर्न ।
- विदेशी सहयोग नलिकइन आफ्नै स्रोत र सीपले आत्मनिर्भर हुन ।
- सस्तो विकास कार्यक्रम हो भनी विकासोन्मुख देशलाई सावित गरिदिन ।
- पर्यटकीय दृष्टिले विश्वकै नमूना बन्न र अग्रगण्य भूमिका निभाउन ।
- पूर्वीय पद्धति प्रभावकारी, दीगो मानववादी, शान्तिगामी हो भनी सावित गर्न ।
- शोषणको मूल कारणको अन्त्य गर्न ।
- शत प्रतिशत भूमिको प्रयोग गर्न ।
- भू प्रयोजन नक्सा तयार गर्न ।
- चकलाबन्दी गर्न ।
- नक्सा बमोजिम भू-प्रयोजन गर्न ।
- फाँट खेती गर्न ।
- जग्गा व्यवस्थितगर्न ।
- चाउका विकास गर्न ।
- स्पष्ट र दीगो योजना तयार गर्न ।
- पशुपालनलाई व्यवस्थित गर्न ।
- कार्यान्वयन कुरा प्रभावकारी बनाउन ।
- माछा पालन व्यवस्थित गर्न ।
- फलफूल खेती व्यवस्थित गर्न ।
- वनखेती व्यवस्थित गर्न ।
- नगदेबालीको विकास गर्न ।
- कृषिजन्य उद्योग बढाउन ।

स्थानीय एकाइलाई शक्ति विकेन्द्रीत गरी स्वनिर्णय-सक्षम बनाउन :

आपूर्ति व्यवस्था मिलाउन ।

आयात बजार मिलाउन ।

बजार व्यवस्था मिलाउन ।

प्रविधि, सीप, विकास र दक्षताको अभिवृद्धि गर्न ।

कृषिको निर्भरताबाट गैर कृषि रोजगारमा रूपान्तरण गर्न ।

प्रशासर्न विकासमुखी गराउन ।

वडा, गाउँ/नगर, इलाका, जिल्ला, अञ्चल, क्षेत्र र केन्द्रमा स्पष्ट कार्य विभाजन गर्न ।

गरीव देशको निर्विकल्प योजना : व्यवस्थित बस्तीबाट राष्ट्रका सर्बाङ्गिण विकास गर्ने पद्धति अशिक्षित, गरीब अल्पविकसित र विकासोन्मुख मुलुकका लागि हो । कसैको सहयोगविना पनि प्रतिस्पर्धी बन्न सकिन्छ ।

विदेशी सहयोग नचाहिने :

यो अत्यन्त सस्तो पद्धति हो । यसमा विदेशी सहयोग अथवा दानको आवश्यक्ता पर्दैन । राष्ट्रको सहकारी र विकासोन्मुख या असंलग्न देशहरूको सहकारी विकास बैंक नै पर्याप्त हुन्छ ।

जनसहभागितामा आधारित :

यो जनसहभागितामा आधारित पद्धति हो । आफूआफू मिलेर आाफनो आवश्यक्ता अनुसार आफैँले आफ्नालागि गरेर परजीवी बन्नु नपर्ने पद्धति हो ।

यो पद्धति बिद्यमान पद्धतिको ठीक उल्टो 'शित ओभाएर घैला भर्ने ' सिद्धान्तमा आधारित छ । यसमा स-साना कुरा, स्रोत साधनन र आवश्यक्ताका आधारमा संपूर्ण जनतालाई रोजगार दिएर तथा गरेर गर्न सिक्ने पद्धतिमा सीप विकास गरेर कुटीर उद्योगबाट विस्तारै मध्यम र ठूला उद्योगसम्म पुग्ने लक्ष्य रहन्छ ।

सही कार्य विभाजन:

हाल सम्म केन्द्रको काम के हो भन्ने कुरा केन्द्र सरकारलाई थाहा छैन । केन्द्र अति साना कुरामा अलमलिएको छ । राष्ट्रको प्रशासन कसले कहाँ कति गर्ने भन्ने कुरामा स्पष्टता छैन । यो पद्धति अनुसार केन्द्रका सबै काम स्पष्ट हुन पुग्दछन् । यसले तल्लो एकाइदेखि माथिल्लो तह केन्द्रसम्म दोहोरो नपर्ने गरी विकेन्द्रीकरणको सिद्धान्तको वैज्ञानिक आधार अनुरूप प्रशासन पद्धति स्पष्ट पार्छ ।

तन्दुरूस्त राष्ट्रिय अभिलेख :

यस नयाँ व्यवस्था अनुसार तथ्यांक लिन हरेक मन्त्रालय वा विभागमा छुँ-कर्मचारी चाहिँदैनन् । राष्ट्रिय जनगणना, मतदाता सूची, कृषि वा उद्योग जस्ता सबैको कटौती गर्न सकिन्छ । यसो हुँदा अनुत्पादक प्रशासनिक खर्च कटौती हुन्छ । सही तथ्यांक सही समयमा प्राप्त हुन्छ । यसो भएपछि मात्र सबै स्तरका योजना व्यवहारमूलक हुन्छन् । त्यसका अतिरिक्त राष्ट्रलाई चाहिने सबै तथ्यांकहरू हरेक महिना प्रकाशित गर्न सम्भव हुन्छ ।

यस योजना अनुसार स्थानीय विकासले गति लिन्छ । स्रोतको सदुपयोग हुन्छ । भ्रष्टाचारको अन्त्य नै हुन्छ ।

# जातीय साम्प्रदायिकता फैलिए कसलाई फाइदा हुन्छ ?



सुरेशकुमार पाण्डे

नेपालको इतिहासमा समप्रदायिक लडाई ,जातीय द्वन्द्व सामन्य झै झगडा बाहेको अन्य देशहरू जस्तो मारकाट भएको छैन । तर पनि समय-समयमा जातीय दङ्गा गराउने प्रयास भने भइ रहेको देखिन्छ । पछिल्लो पटक सुनसरीको देवानगञ्ज नगरपालिका ३ कप्तान् गञ्जमा हिन्दु र मुस्लिमबिचको द्वौन्द यसैको अर्को कड़ि हुनसक्छ । जसलाई लिएर अहिले ९ दलहरूमा करिब सात बुंदे सम्झौता पनि भएको छ ।

२०८३/०४/१३ गते नौ ठूला राजनैतिक दलहरू बिच छलफल पछि हस्ताक्षर गरेकाछन् ।

१ राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने

२ नेपाली कांग्रेसका अध्यक्ष गगनथापा,

३ नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दहाल(प्रचण्ड),

४ एमालेका महासचिव शंकर पोखेल,

५ श्रम संस्कृती पार्टीका महासचिव आर एन राई,

६ लोसपाका अध्यक्ष महन्त ठाकुर,

७ राप्रपा राजेन्द्र लिङदेन,

८ जनमत पार्टीका अध्यक्ष सीके राउत,

९ जसपा नेता प्रकाश अधिकारी बिच शान्ति र सदभाव लगायतका सातवटा बुंदामा छलफल पछि सहमती भएको हो । तर यस्ता सम्झौताहरू भन्दा जनचेतना र सामाजिक सद्भावका लागि ठोस पहल गर्नुपर्ने आबश्यकता छ ।

आखिर के थियो त्यहां सम्प्रदायिक सङ्घर्षको कारण र दोषी को हो ?

कप्तान- गञ्जमा एउटा समुदायले एक महिना अंघी मोहरम खेल्ने स्थानमा झण्डा राखेका थिए । उक्त झण्डा एक महिनासम्म हटेको थिएन । उक्त चाड पर्व सकिएकाले उक्त झण्डा हटाउन अर्को समुदायले आग्रह गर्यो । कयौं पटक गरिरह्यो । प्रशासनले त्यसको बारेमा कुनै चासो देखाएन । यहि बिषयमा दुबै समुहबिचमा बिवाद भयो जसले बिस्तारै बिकराल रूप लियो ।

झण्डा बिवाद गाउपालिका अध्यक्ष बेपनकुमार मेहतासम्म पुग्यो । यदि प्रसाशनले यसलाई बेलैमा सम्बोधन गरेको भए समाधान हुनेथियो । यस्तो तदारूकता प्रसाशनले देखाएन । आइतबार बेलुका एउटा समुहले सोमबारको बोलबम पुजाका लागि भन्दै डिजे सहित गाना बजानाको तैयारी गरिरहेका थिए । कप्तानगञ्जको चौकमा राती करिब ९ बजे अर्को समूहका ब्यक्ति आएर डिजेले डिस्टर्व गरेको भन्दै अवरोध गरेपछि तनाव बढ्यो ।प्रहरी आए पहिलो समूह भाग्यो र अर्कोलाई प्रहरिले दमन गर्यो । यी याबत कुराहरू बिभिन्न समाचारमा आइसकेका छन् । जसलाई यहा पटक-पटक उल्लेख गर्नु पनि आवश्याकता छैन ।

यदि व्यवस्थापन् पक्ष सचेत भएको भए यि दुइजना ब्यक्तिको ज्यान जाने थिएन । कयौं घायल हुने थिएनन् । त्यसकारण सरकार पक्षको कम्जोरी हो ।जसले समयमै उक्त घट्ना रोक्न सकेन वा चाहेन त्यो उनिहरूले बुझ्ने कुरा हो ।प्रसाशनले जिम्मेवार प्रसाशनका अधिकारी हरूलाई छुट्टीमा बसेको देखाएर देखाएर जिम्मा पुरा हुनसक्दैन । यो सरासर व्यवस्थापनको कम्जोरी हो ।

भनि राख्नु पर्दैन नेपाल बहुजातीय बहुभाषिक र बहुसांस्कृतिक बहु धार्मिकमूलक देश हो । भएपनि इतिहासको लामो कालखण्डमा राज्यसत्ताको केन्द्रीयकृत स्वरूपका कारण बिभिन्न जातीय समुदायहरू बिच बेलाबेलामा द्वन्द्व सिर्जना भएको देखिन्छ ।

खास गरेर मुलुकी ऐन वि.स.१९१० जङ्गबहादुर राणाले जारी गरेको मुलुकी ऐनले नेपालको समाजलाई कानुनी रूपमै चार बर्ण र छत्तिस जातको प्रणालीमा बिभाजन गरेका थिए । यसले जनजाती र दलित समुदायलाई राज्यको मूल प्रवाहबाट पछाडी पार्यो । सांच्चै भन्दा शाह र राणा कालमा एउटै भाषा (नेपाली) , एउटै पोषाक दौरा सुरूवाल र एउटा संस्कृतिलाई मात्र राष्ट्रिय पहचान मानियो । जबकी हाम्रो देशमा बिभिन्न भाषा संस्कृती र पोषाकहरूपनि आआफ्नै प्रकारका थिए ।जसले गर्दा अन्य भाषिक र जातीय समुदायमा उत्पिडनको भावना पैदा हुन पुग्यो ।त्यो एकप्रकारको जहानिया निरङ्कूश व्यवस्था थियो ।तर पछि वि.स.२०४६सालको ऐतिहासिक जनआन्दोलनले बहुदलिय व्यवस्थाको पुर्नस्थापना गरेपछि २०४७ साल पछि नेपालमा मधेशी समुदायले आफ्ना अधिकार र भाषिक समानताका लागि आवाज उठाउन थाले । हुनुपर्ने त्यो बेला २०४६ सालमा सम्विधान सुधार आयोग गठन नगरे सम्विधानसभामा सबै सहमत भएर सबै जातजाती भाषा धर्मलाई सम्मोधन गरेर एउटा संविधानको निर्माण गरेको भए देशले जातीय क्षेत्रिय द्वन्द्वमा फस्ने थिएन । देशभित्र केही विकास हुनेथियो ।तर राजनैतिक पार्टीहरूको अदुरदर्शियता र पद लोलुप्ताको परिणाम देशले २०५२ देखि नेकपा माओवादीले उनै नारा जातीय,क्षेत्रिय उत्पिडनको मुद्धालाई लिएर हतियार उठाए र देश दश वर्षसम्म गृहयुद्धमा पुग्यो ।उनिहरूले जातीय स्वायत्तता र पहिचानका नारालाई हतियार बनाएका थिए । जसले उपक्षित् समुदायलाई आन्दोलनमा आकार्षीत गर्यो । जातीय चेतना गाउ- गाउसम्म पनि पुग्यो ।

हाम्रो देशभित्र जातीय र क्षेत्रीय स्तरको सबैभन्दा ठूलो आन्दोलन् २०६२ पछि २०६४ र २०७२ सम्म मधेशमा भयो । नागरिकता राज्यका अङ्गहरूमा समानुपातिक र समावेसीकरण साथै स्वायत्त प्रदेशको माग गर्दा आन्दोलनमा ठूलो जनधनको क्षति भएको थियो ।

पश्चिम तराईका धारू समुदायले आफ्नो छुट्टै पहिचान र प्रदेशको माग गर्दै आन्दोलन गरे ।तर यस आन्दोलन मात्र थारूहरू थिएन ठूला जमिदारहरूको घुसपैठ थियो ।जसले वि.स. २०७२ मा टिकापुर घट्ना घटायो ।जसले जातीय सदभावमा ठूलो धक्का पुरायो ।यस्तै आदिवासी जनजाती आन्दोलन पनि चर्कियो । लिम्बुवान,खम्बुवान, तामसालिङ, नेवा जस्ता जातीय ऐतिहासिक भूमिको आधारमा सङ्घीयता हुनुपर्ने उनिहरूको माग थियो । यसै मागलाई लिएर पहाडि क्षेत्रका जनजातीहरूले लोमो समयसम्म आन्दोलन गरे । नेपालमा श्रीलङ्का वा रूवान्डा जस्तो हिंसक र पूर्ण रूपका जातीय युद्ध भएका छैनन् ।तर पनि बिभिन्न समयमा सम्प्रक्दायिक तनावहरू सिर्जना भएको देखिन्छ ।

जातीय र क्षेत्री द्वौन्द्वमा यदि कुनैपनि देश जान्छ भने त्यो देश टुक्रा टुक्रामा बिभाजन हुन्छ । सन् १९८० देखि अफगानिस्तानमा तालिवानहरूको कब्जामा पुगेको थियो । जहाँ अमेरिकाले करिब २० वर्ष आफ्नो कटपुतली सरकार चलायो । ती वर्षहरूमा लगातार तालिवानीहरूले हतियार उठाए,

अफ्गानको कुरा गर्दा त्यहाँको राजा जाहिर शाहलाई आफ्नै बहिनी जुंवाई मोहम्मद दाउदले सन् १९७३ मा अपदस्त गरेका थिए । सन् १९७८ को अप्रेल २७ गते सैनिक विद्रोह द्वारा च्म्ए ले दाउदलाई अपदस्त गरि नूर मोहम्मद तराकीलाई राष्ट्रपति र हजितुल्ला अमानिलाई प्रधानमन्त्री बनाए । सन् १९७९ दिसम्वर २७ मा सोभियत सेना अफ्गानिस्तानमा प्रवेश गर्यो र अमनीको सपरिवारको हत्या गर्यो । बब्राक कर्माललाई राष्ट्रपति बनायो । पछि सन् १८८८ मा जेनेभा सम्झौता भयो । १९८९फब्रुरी १५ सम्म सोभियत सेना फर्किने र सयुक्त राष्ट्र संघको पर्यवेक्षणमा स्वतन्त्र चुनाव गराउने, उल्लेख गरियो । तर त्यहाँ हिंसात्मक गतिबिधी रोकिएन । लगातार युद्ध चलिरह्यो ।

स्वयम मुस्लिम समुदाय भित्रपनि सिया र सुन्नी बिचमा युद्ध सकिएकै छैन ।

धर्मयुद्धका कुरा गर्ने हो भने इसाईहरूले आफ्नो पवित्र स्थल जेरूसेलमलाई तुर्कहरूको उपनिवेशबाट मुक्त गर्न करिब २०० वर्षसम्म युद्ध लडेका छन् ।सन् १०९६ देखि सुरू भएको यो युद्धमा ३०हजार इसाईहरू मारिएका थिए । ससाना बाल बालिकाहरूको प्रदर्शनमा अन्धाधुन्द् गोली चाइएको थियो ।यसरी ऐतिहासिक हिंशक आन्दोलन् दीर्घकालिन रूपमा चलेको थियो भारतमा चलेको हिन्दु मुस्लिम जातीय युद्धमा भारतको टुक्रा भएको छ । पाकिस्तानबाट पनि बांग्लादेश छुट्टै देश अस्तित्वमा आएको सर्वबिदित छ ।

दक्षिण अफ्रिकामा नेश्नल मण्डेला २७ वर्ष जेलमा बसेका थिए । त्यो रङ्गभेदको लामू सङ्घर्ष चलेको थियो । यसरी यस्ता केही उधारणहरू हाम्रो सामू छन् ।

माथि उल्लेखित जातीय र क्षेत्रीय युद्धले कुनै जातीको, क्षेत्रको फाइदा हुदैन । श्रीलङ्कामा तामिलहरूको लामो समयसम्म युद्ध चलेकै हो ।

हाम्रो देश विदेशीको कु-दृष्टि र कुचालको शिकार बन्दै आएको छ ।कहिले यो देशलाई एकमात्र हिन्दु राष्ट्र भनेर घोषणा गरिन्छ ।कहिले देशबाट धर्म परिवर्तनका लागि उनै हिन्दुहरूलाई उक्साइन्छ । देशमा नागरिकता बिधेयक विदेशी इसारामा गरिन्छ र उनिहरूलाई भित्राइन्छ ।भारत चस्तो विशाल जनसङ्ख्या भएको देश सङ्ग बराबरको सन्धि गरेर दुबै देसका नागरिकहरूलाई बेरोकटोक आउन जान पाउने र बाणिज्यमा भागलिन पाउने सन्धि गरिन्छ । जन्मका आधारमा नागरिकता दिने र उनिहरूक आश्रृतहरू समेतलाई देवभित्राउने व्यवहारले देशको सह अस्तित्व समाप्त हुने आधार बन्दै गएको छ । यसरी देशलाई अल्पमतमा पारेर देशको सार्वभौमसत्ता सङ्कटमा पारिन्छ ।

एकातिर भारत र पाकिस्तान बिचमा बिवाद अर्को तर्फ नेपालमा मुस्लिम समुदायको ह्वात विकास हुनु देशको लागि एउटा सङ्कटमा फसाउने सड्यन्त्र पनि हुनसक्छ । २०७८को जनगणना अनुसार देशमा मुस्लिम समुदाय देशको तेस्रो शक्तिको रूपमा उभ्रिएको छ । १४लाख ८३ हजारभन्दा बढी छन् । कुल जनसङ्ख्याको ५.९ प्रतिशत हो । करिब ८० प्रतिशत मुस्लिम मधेश तथा तराई प्रदेशमा छन् जस्तै रौतहट,कपिलबस्तु,बांके,बारामा भेटिन्छन् । बांकी २० प्रतिसत काठमान्डौ, गोर्खा र अन्य पश्चिम पहाडी भेगमा भेटिन्छन् । अहिले जसरी सुन्सरीको कप्तानगञ्जमा हिंसक भयो यस्तै प्रकारको केही वर्ष पहिले चनौटामा पनि अज्ञात समूह द्वारा मुस्लिम बस्तिमा आग जनि गरिएको थियो ।

बेला बेलामा देशभित्र सम्प्रदायिक द्वन्द्व गराउने अभ्यास हुदै आएको छ । नेपाली जनताको सुझबुझले गर्दा ति लामू समयसम्म हिंशक गतिबिधी टिक्न सकेका छैनन् । सामाजिक सद्भावका लागि सबै जात धर्मको सम्मान् र आत्मिय संवन्धको अति आवस्याक हुन्छ । सयौं जातहरू मिलेर बनेको हिमाल पहड मधेश अखण्ड हुनुपर्छ सबै धर्मको सम्मान् र आपसि भाइचारा सद्भावको विकास गरेर मात्र राष्ट्रियता बलियो हुनसक्छ । सत्ताको लोभमा जातिय साम्प्रदायिक्ता फैलाउनेहरू देखि सबै सावधान रहनुपर्छ ।



राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८३-८४
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३०४५६२४४४
मंगलबार Tuesday
२०८३ साउन १९, Aug. 4, 2026





## अन्तिम पातो - शाश्वत शर्मा

# धार्मिक दङ्गामा राजाको कुरा

थामिन त थामिन्छ, असर र प्रभावको लेखाजोखा नै गर्न सकिन्न । हो, सुनसरीको सीमावर्ती देवानगञ्चको कप्तानगञ्जबाट फैलिएको साम्प्रदायिक दंगाको ज्वारभाटा अहिले केही मत्थर भएजस्तो देखिए पनि यो दीर्घकालीन शान्ति चै पक्कै होइन । अझ साथसाथ बस्दै आएका, एकअर्काको रमजान, बकरीद, दुर्गापूजा, सरस्वती पूजा सधैं सँगै मनाएर खुशीयाली साट्दै आएका हिन्दु मुस्लिम नेपालीहरूका वीचमा कसले यो घृणा र नफरतको बीउ रोपिरहेछ ? मुख्य जड त्यहाँ छ । अहिले सुनसरीमा भयो, हिजो नेपालगञ्जदेखि सिराहा, सप्तरी, धनुषतिर पनि यस्तै दंगा फसाद हुँदै आएका थिए । दुई चारदिन यस्तो दंगा भएपनि बल्ल केन्द्रको सरकारले हस्तक्षेप गर्छ, मृतक र घाइतको परिवारलाई राहत वितरण गर्छ अनि त्यसपछि जसले आगो सल्काएको हो, तिनीहरू अर्थात स्थानीय राजनीतिक दल एवम् स्थानीय संघसंस्थाहरूले सद्भाव र्‍याली निकाल्छन्, खेल समाप्त हुन्छ । अहिलेसम्म भइआएको यही हो । बाहिरबाट हेर्दा त्यस्तै देखिन्छ । केहीको भनाइमा बाहिरबाट हेर्दामात्र स्थानीयहरूले लडेको देखिएको तर द्वन्द्वको कथा पटकथा त सीमापारि अझ सात समुद्रपारीबाटै तैयार भएर आएको हुन्छ । त्यसमा संवाद, संगीत भर्ने काम स्थानीय विपक्षी दलहरूले गर्छन् र पात्रहरूको भूमिकाको चयन पनि स्थानीय विपक्षी दलहरूले नै गर्छन् । कसले पहिलो प्रहार गर्ने हो ? त्यसको निर्क्याेल स्थानीय विपक्षी दलका नेताहरूले गोप्य रूपमा गर्छन् । वर्षौंदेखि लखनौं लूट मच्चाउँदै आएकाहरू बालेन सरकार पोल्नसम्म पोलेको छ । यिनैले विदेशी सहयोग लिएर धार्मिक हिंसा फैलाएकोमा कतिपय जानकारहरू विश्वस्त छन् । जसरी पनि रास्वपाको सरकार गिराएर आफ्नो पुरानो हालीमुहाली चलाउनु यिनको उद्देश्य हो ।

प्रत्यक्षदर्शीहरूका अनुसार सुनसरी, सिराहा,जनकपुरका चोकहरूमा तोडफोड गर्ने, आगजनी गर्नेमा स्थानीय एमाल, कांग्रेस, नेकपा र मधेशवादी दलसँग आबद्धहरू नै थिए । विदेशीले त हिंसाको चलचित्र बनाउन लगानी गरिदिनेमात्र हो । बाँकी काम यहींका पुराना गुण्डाहरूले गर्ने हुन् । अहिले पनि भएको त्यही हो ।

बालेन्द्र साह हर्कतमा आएका छन्, उनले पक्कै यसतिर ध्यान दिएकै होलान् । सुनसरीदेखि जनकपुरसम्मको दंगामा भारतीयको हात देखिएको छ । प्रहरीले गोली हानेकै होइन भनिदैछ, गोली हान्ने छद्मभेषी को थियो त ? भनिदैछ, स्थानीय झगडाले हिंसाको डढेलो लागेको यो पहिलोचोटि हो । बालबमका लागि यसरी भजन, गानाबजाना गरिन्थ्यो, यस्तो हिंसा कहिले भएको थियो । अहिले पनि किन भयो त ? हिजोका दिनमा छिटफुट घटना हुन्थ्यो, त्यही सल्टाइन्थ्यो । यसपल्ट पुराना दलका लुटेराहरूले रास्वपाको सरकारलाई बदनाम गर्न, ढाल्न हिंसाको आगोमा घ्यू थप्ने काम गरे । बुझ्न सकिन्छ, पुराना दलहरू जो विपक्षी छन्, तिनले सडक र संसदमा बिरोध गरिरहेका थिए । लाख प्रयत्न गर्द पनि रास्वपा फुटाउन, प्रमलाई राजीनामा दिन बाध्य पार्न नसकिएपछि यो नयाँ षडयन्त्र रचिएको हुनसक्ने आँकलन गरिएको छ । यथार्थ के हो, सरकारले सार्वजनिक गर्ला नै ।

सरकारले सहमतिको लागि प्रयास गरेको छ । धार्मिक नेता र पार्टीहरूले पनि धार्मिक र जातीय हिंसा रोक्न आह्वान गरेका छन् । अब पनि बालेन्द्र सरकारलाई असक्षम र नाकारा सिद्ध गर्ने चालबाजी भइरहेको छ । केहीले स्थानीय गुण्डा लगाएर खूनका बदला खून भन्ने नाराबाजी गर्न लगाइरहेका छन् । यो अराजकता फैलाउने र सरकारलाई असफल पार्ने जालसाजी हो । देशको शान्ति र सद्भाव बिथोल्न खोज्नेहरू जो हुन्, सरकारले कडाभन्दा कडा कारवाही गर्नुपर्छ । मधेशवादी दलहरूले जिरह गरेपछि प्रम बालेन्द्र साहले आफू हिन्दूराष्ट्र कायम गर्ने र संघीयतता खारेज गर्ने पक्षँमा नरहेको भनेर भन्न बाध्य भएका छन् । बालेन्द्र साहले हिन्दुराष्ट्र कायम गरे राजतन्त्र पुर्नस्थापना हुने खतरा रहेकाले आफू त्यो पक्षमा नरहेको भनेपछि पुराना दलहरू गद्गद् खुशी भएका छन् । के यत्तिको लागि अराजकता र हिंसाको होली खेलिएको थियो त ? यसबाट पनि थाहा हुन्छ, षडयन्त्र जारी छ ।

प्रष्ट छ, बालेन्द्र साहले कार्यकारी प्रधानमन्त्रीको जसरी काम जो गरिरहेका छन्, त्यसबाट पुराना दलहरूलाई छटपटी भइरहेको छ । एकातिर आफ्नो सत्तास्वार्थ खोसिएको छ, अर्कोतिर दुई तिहाइको सरकारले संविधान संशोधन गर्दा संघीयताको खारेजी, राजतन्त्र र हिन्दुराष्ट्रय कायम गरिदिए सदाका लागि राजनीतिक सफायाको स्थितिमा पुग्नुपर्ने डरले पुराना दलहरूलाई सताएको सहजै बुझ्न सकिन्छ ।

पूर्वराजाको सन्देश आएको छ, नेपालीहरू मिलेरै बसौं भन्ने आह्वान छ । पुराना दलहरू सरकारलाई घेरावन्दीमा पार्दैछन् । जनता हिन्दुराष्ट्र र राजतन्त्रको माग गरिरहेका छन्, पुराना दलहरू अराजकता फैलाएर लाभ लिन खोज्दैछन् ।


## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उपादन वृद्वी गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं
- स्थानीय उत्पादनलाई बजारसम्म प्युाउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविध र अवसर उपलव्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं ।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कारवाही भएन ललिता निवास जग्गाकाण्डमा








पूर्व ३ मन्त्री, अख्तियारकै पूर्व प्रमुख आयुक्त, दुई पूर्व सचिव डामिएको ललिता निवास जग्गा भ्रष्टाचारमा १० अर्ब १४ करोडको बिगो दावी भए पनि कसैमाथि कारवाही भएको स्थिति छैन । बालेन सरकारको मौनतालाई आश्चर्यका रूपमा हेरिएको छ ।

यो प्रकरणमा अख्तियारले १ सय ७५ जनालाई २०७६ साल माघ २२ मै भ्रष्टाचार मुद्दा दायर गरेको थियो । प्रधानमन्त्री निवासको ११४ रोपनी जग्ग राजनीतिक नेतृत्व र कर्मचारी, न्यायाधीशसम्मको मिलोमतोमा भ्रष्टाचार भएको थियो । यही प्रकरणमा एमालेका नेता विष्णु पौडेलले छोराका नाममा ८ आना जग्गा दिलाएका थिए, फिर्ता गरेर कारवाहीबाट बचेका थिए । कुनैबेलाका सुकुम्वासी पौडेल अहिले खर्बपति छन् ।

तत्कालीन प्रम माधव नेपाल र बाबुराम भट्टराई कानुनी छिद्र र जटिलता देखाएर अहिलेसम्म कारवाहीबाट बचेका छन् । तर तत्कालीन भौतिक योजनामन्त्री विजयकुमार गच्छदार, भूमिसुधार मन्त्री डम्बर श्रेष्ठ, चन्द्रदेव जोशी भने छानबिनबाट बचेनन् । सचिवहरूमा दीपकुमार बन्स्यात र छवि पन्त, दिनेशहरि अधिकारी पनि छानबिनमा परे । १ सय ७५ जनामध्ये विशेष अदालतले सरकारी कर्मचारी, बिचौलिया, भू माफिया र गैरकानुनी लाभ लिने ७८ जनालाई मात्रै दोषी ठहर गरेर केहीलाई मुद्धाबाट सफाइ दिए पनि सर्वोच्च अदालतमा विचाराधीन रहेको छ ।

त्यतिबेला छानबिन गर्न गठन भएको त्रिताल आयोगका अनुसार ललिता निवासको २ सय ९९ रोपनी सरकारी जग्गामध्ये १ सय १४ रोपनी जग्गा २०४९ कात्तिकदेखि व्यक्तिका नाममा दर्ता गर्ने काम सुरूआत भएको थियो । यसमा भूभाफिया, कर्मचारी र नेताहरूकै संलग्नता थियो ।

२०६६/६७ सालसम्म आइपुग्दा ललितानिवासको सरकारी जग्गामध्ये १ सय १४ भन्दाबढी जग्गा व्यक्ति र नक्कली मोहीको नाममा लगिसकिएको थियो । नेपालको इतिहासमै सरकारी जग्गाको भयानक भ्रष्टाचार काण्ड हो यो । ठूलो चर्चापछि २०७५ साल जेठ १४ गते पूर्व सचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरियो र त्यसपछि ललिता निवासको जग्गा प्रकरणले मुद्दाको रूप लियो । यथार्थ सबैले थाहा पाएका थिए ।

यो जग्गा तत्कालीन प्रम भीम शमशेरले किनेको र छोरा हिरण्य शमशेरलाई अंशमा दिएका थिए । पछि हिरण्यका छोरा सुवर्ण शमशेरमा हस्तान्तरण भएको थियो ।

सुवर्ण शमशेरले २०१७ असार २९ गते पत्नी श्वेतप्रभाका नाममा ५८ रोपनी तथा तीन छोरा कनक, कञ्चन र रूक्म शमशेरलाई ५७ रोपनीका दरले 'हालैको बकसपत्र' गरिदिएका थिए । सोलगायतका केही जग्गा २०१७ सालमै 'विशेष परिस्थिति ऐन' ल्याएर राज्यले जफत गर्न सक्ने बनाइयो । राजा महेन्द्रले १ पुस २०१७ मा सत्ता कब्जा गरेपछि ललिता निवास पनि चलन चल्तीको मूल्य दिएर) अधिग्रहण गरियो । सरकारी नाममा ल्याइएको थियो । अधिग्रहण गरिएको (२ सय ८४ रोपनी) ललिता निवास र बाँकी जग्गामा नेपाल राष्ट्र बैंकको कार्यालय राखियो । त्रिताल आयोगका अनुसार शोभाकान्त ढकाल र रामकुमार सुवेदीले ३७ नक्कली मोही खडा गरेर सरकारी जग्गा मोहियानी हक अनुसार दिलाइदिने र बाँडेर लिने पासो थापे, कर्मचारी तथा नेताहरूलाई मिलाउने काम गरेर जग्गा हडपे ।

डा.बाबुरामका पालामा सरकारी जग्गामा मोही कायम गर्ने निर्णय गरेको थियो । त्यही निर्णयपछि पशुपति टिकिन्छा गुठीका नाममा लैजाने निर्णय यस्तै निर्णयका कारण ललिता निवासका जग्गाहरू मोही कायम गर्दै हड्पदै गएको रिपोर्ट छ । त्यसपछि जग्गा किनबेच हुँदै गयो । शारदाप्रसाद त्रितालको रिपोर्टले ललिता निवासको जग्गामा राजनीतिक दबाबमा व्यक्तिका नाममा लगेको प्रमाणित हुनपुग्यो । त्यसपछि ११३ रोपनी ३ आना रोक्का राखियो । ९९ रोपनी सरकारको नाममा ल्याउने निर्णय पनि भएको छ ।

कीर्ते गरेर पूर्वप्रमदेखि वाकिलसम्म मुछिएको यो काण्डमा राजनीतिक डढेलो लागेकै छ । अख्तियारले मुद्दा चलाएको छ, तथापि जालझेल भइरहेछ । मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ । नक्कली मोही खडा गर्ने, कीर्ते गर्ने, राज्यको सम्पत्ति नै लुट्नेमाथि कुनै कारवाही हुनसकेको छैन । सबैको प्रश्न छ- यो कस्तो लोकतन्त्र हो ? कस्तो नयाँ पुस्ताको जेनजी सरकार हो, जसले यति ठूलो भ्रष्टाचारकाण्डमा कुनै कारवाही गर्न सकेको छैन ।

- **फणिन्द्र पन्त**





